# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २७८ | काठमाडौं | आइतबार, २० माघ २०८१ | Prabhab National Daily | Sunday, February 02, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# पूर्वसम्पादक राईको स्मृतिमा पुरस्कार स्थापना



नेपाल पत्रकार महासंघ काठमाडौं शाखाकी अध्यक्ष शोभा अर्याललाई एक लाख रूपैयाँको चेक हस्तान्तरण गर्दै अक्षयकोष निर्माण समितिकी संयोजक लालसरा राई। *तस्बिरः प्रभाव*

■ **प्रभाव संवाददाता**

- नेपाल पत्रकार महासंघ काठमाडौं शाखामा 'कमलराज राई स्मृति पत्रकारिता पुरस्कार' स्थापना
- पुरस्कारका लागि अक्षयकोष निर्माण समितिद्वारा एक लाख रूपैयाँ शाखालाई हस्तान्तरण
- प्रत्येक तीन वर्षमा एक जना क्रियाशील पत्रकारलाई प्रदान गरिने

**काठमाडौं–** प्रभाव दैनिकका पूर्वसम्पादक स्व. कमलराज राईको स्मृतिमा पुरस्कार स्थापना भएको छ। नेपाल पत्रकार महासंघ काठमाडौं शाखामार्फत प्रदान गर्ने गरी 'कमलराज राई स्मृति पत्रकारिता पुरस्कार' स्थापना गरिएको हो।

उक्त पुरस्कारका लागि कोष निर्माणार्थ एक लाख रूपैयाँ महासंघलाई हस्तान्तरण गरिएको छ। शनिबार आयोजित कार्यक्रममा अक्षयकोष निर्माण समितिकी संयोजक लालसरा राईले उक्त रकम नेपाल पत्रकार महासंघ काठमाडौं शाखाकी अध्यक्ष शोभा अर्याललाई हस्तान्तरण गरिन्।

पुरस्कार स्थापनाका लागि भएको सम्झौतानुसार 'कमलराज राई स्मृति पत्रकारिता पुरस्कार' कोषको व्यवस्थापन/सञ्चालनको सम्पूर्ण कार्य नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले गर्ने छ। उक्त कोषको मूल पुँजी रकम खर्च नगर्ने र ब्याजबापत आउने रकमको ७५ प्रतिशतबाट प्रत्येक तीन वर्षमा एक जना क्रियाशील पत्रकारलाई पुरस्कार प्रदान गर्ने उल्लेख गरिएको छ। ब्याजबापतको २५ प्रतिशत रकम भने कोषमा बचत गर्दै जाने जानकारी दिइएको छ।

'नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको प्रत्येक तीन वर्षमा हुने अधिवेशनका अवसरमा एक जना क्रियाशील पत्रकारलाई यो पुरस्कार प्रदान गरिने छ,' अक्षयकोष निर्माण समितिकी संयोजक राईले भनिन्। पुरस्कारका लागि पत्रकार छनोट गर्ने कार्य महासंघ काठमाडौं शाखाले आफ्नो कार्यविधिबमोजिम स्वतन्त्ररूपमा गर्ने उनले जानकारी दिइन्। 'महासंघले योग्य पत्रकार छनोट गरी प्रत्येक तीन वर्षमा पुरस्कार वितरण गर्ने गरी जिम्मेवारी लिएकोमा आभार व्यक्त गर्न चाहन्छु,' शनिबार आयोजित कार्यक्रममा संयोजक राईले भनिन्।

महासंघकी अध्यक्ष अर्यालले पुरस्कार व्यवस्थापनको जिम्मेवारी काठमाडौं शाखाले प्रभावकारीरूपमा गर्ने बताइन्। उनले स्व. पत्रकार राई शाखाको कार्यसमिति सदस्य रहेकै समयमा हृदयघातका कारण असामयिक निधन भएको स्मरण गर्दै उनको योगदानबारे चर्चा गरेकी थिइन्। प्राप्त कोषबाट निष्पक्षरूपमा पत्रकार छनोट गरी पुरस्कार वितरण गर्ने प्रतिबद्धता उनले जनाइन्।

क्रमशः पृष्ठ २ मा

मुक्कुम्लुङ केबलकार प्रकरण

# समस्या समाधान गर्नबाट पन्छियो गृह

## सामान्य प्रशासन मन्त्रालयलाई तोकियो जिम्मेवारी

- आन्दोलनरत पक्ष सरकारसँग थप आक्रोशित
- आजदेखि अरूण सभाखोला पूर्वका नौ जिल्ला ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, तेह्रथुम, धनकुटा र संखुवासभामा आमहड्ताल आह्वान

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** ताप्लेजुङस्थित मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा केबलकार निर्माणमा देखिएको समस्या समाधान गर्नबाट गृह मन्त्रालय पन्छिएको छ। यही १२ माघमा 'नो केबलकार' पक्षमाथि गोली हान्न आदेश दिने गृह मातहतमै रहने ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा हुन्। उक्त गोलीकाण्ड र मुक्कुम्लुङमा केबलकार निर्माणलाई लिएर देखिएको विवादको समाधान गर्ने सन्दर्भमा जवाफदेही हुने मन्त्रालय गृह नै हो। तर, शनिबार गृहले मुक्कुम्लुङ क्षेत्रमा देखिएको समस्या समाधानका लागि जिम्मा सामान्य प्रशासन मन्त्रालयलाई दिएको छ।

गृहका शाखा अधिकृत ऋषिकेश खतिवडाद्वारा जारी विज्ञप्तिमा स्थानीयरूपमा उठेका सवाल र सरोकारका विषयसमेतलाई ध्यान दिई सरोकारवालासँग समन्वय र सहजीकरण गरी समस्या समाधान गर्न तत्काल पहल अघि बढाउन भनिएको छ। सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले गृहको पत्र प्राप्त भएको भन्दै आज मन्त्री राजकुमार गुप्तालाई बुझाइने र मन्त्री गुप्ताले केबलकार निर्माणको क्रममा देखिएको समस्या समाधानका लागि आवश्यक कदम चाल्न सक्ने बताए।

उनका अनुसार कार्यविभाजन नियमावलीका आधारमा सामान्य प्रशासन मन्त्रालयले केबलकार निर्माणमा देखिएको विवाद समाधानमा सहजीकरणको जिम्मेवारी पाएको जानकारी दिए। जिम्मेवारी पाएको यसअघि मन्त्रालय मातहत रहेको स्थानीय पूर्वाधार विभाग (डोलिडार) का कारणले भएको बताए। तर, हाल डोलिडार सहरी विकास मन्त्रालय मातहत छ, जसले केबलकार निर्माणबारे हेर्ने कार्य गर्दछ। यद्यपि, कार्यविभाजन नियमावली संशोधन नहुँदा सामान्य प्रशासन मन्त्रालयलाई नै गृहले मुक्कुम्लुङमा केबलकार निर्माणको विवाद समाधानका लागि सहजीकरणको जिम्मेवारी दिएको प्रवक्ता पराजुलीले बताए।

क्रमशः पृष्ठ २ मा

कार्यविभाजन नियमावली संशोधन भएको छैन। जबकि केबलकार निर्माणको नियमन गर्ने निकाय डोलिडार सामान्य प्रशासन मन्त्रालयदेखि सहरी विकास मन्त्रालय गइसक्यो तर अझै कार्यविभाजन नियमावली संशोधन नहुँदा हामीलाई केबलकार निर्माणमा देखिएको समस्या समाधानको जिम्मा आयो।

■ **कालीप्रसाद पराजुली**
**प्रवक्ता, सामान्य प्रशासन मन्त्रालय**

हामीले सुरक्षाकर्मी हटाउनुपर्ने भनेका छौं। केबलकार निर्माण कार्य रोक्नुपर्छ भनेका छौं। तर, अहिलेसम्म केबलकार निर्माणका काम रोकिएको छैन। सुरक्षा पहरामा काम भइरहेको छ। त्यही भएर हामी गृह मन्त्रालयले गठन गर्ने वार्ता समितिसँग मात्रै संवाद गर्छौं।

■ **श्रीप्रसाद लिम्बू**
**अध्यक्ष, मुक्कुम्लुङ संयुक्त संघर्ष समिति**

# जब लिङ्देन अनुत्तरित भए...

**काठमाडौं (प्रस)–** राजसंस्था र हिन्दूराज्य पुनःस्थापनालाई अन्तिम लक्ष्य किटान गरेको शक्ति हो- राप्रपा। तर, सोही पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन पार्टीको आदर्श र मान्यताविरुद्ध उभिएको भन्दै उनीमाथि गम्भीर प्रश्न उठेको छ। लिङ्देन भने ती प्रश्नहरूमा अनुत्तरित भएका छन्।



उनी अनुत्तरित भएको पहिलो प्रश्न हो- राजनीतिक प्रतिवेदन। दक्षिणपन्थी धारको यो शक्तिको हालै बसेको केन्द्रीय समिति बैठकमा अध्यक्ष लिङ्देनले राजनीतिक प्रतिवेदन पेस गरेनन्। पार्टीको आगामी कार्यदिशा र रणनीति प्रतिवेदनमा समेटिएको हुन्छ। त्यसलाई पार्टीको 'मार्गचित्र' भन्ने गरिन्छ। त्यसका लागि पार्टी नेतृत्वले यी सबै समेटिएको राजनीतिक प्रतिवेदन पेस गर्ने पुरानो थिति छ। यस्तो थितिलाई यसपटक भने अध्यक्ष लिङ्देनले तोडिदिएको केन्द्रीय सदस्य धनसुर शाहीले बताए। उनका अनुसार राप्रपाको ३४ वर्षे इतिहासमा केन्द्रीय समिति बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत नगरिएको यो पहिलो घटना हो।

'बैठकमै बहुसंख्यक केन्द्रीय सदस्य, पदाधिकारी र वरिष्ठ नेताहरूले अध्यक्ष लिङ्देनले राजनीतिक प्रतिवेदन पेस नगरेकोमा आलोचना गरे'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसियामा रोजगार खुल्ने प्रतीक्षा, माग भने निराशाजनक

■ **ममता थापा**

**काठमाडौं–** झण्डै एक वर्ष विदेशी कामदार रोकेको मलेसियाले यो वर्षमा रोजगारीको माग खुलाउने बताइएको छ। यद्यपि, विगतको तुलनामा मागमा भारी गिरावट आउने जानकारहरूले बताएका छन्।

विश्वव्यापीरूपमा व्याप्त आर्थिक मन्दी, विभिन्न देशबीच जारी द्वन्द्वका कारण उत्पादित वस्तुको घट्दो मागलगायत कारणले कामदारको माग घटेको जानकार बताउँछन्। मलेसियाले कलकारखानाजस्ता महत्त्वपूर्ण क्षेत्रमा कामदार मागेको छैन। त्यहाँको सरकारले आफ्नै नागरिकलाई रोजगारी दिन जोड दिइरहेको छ। मलेसियास्थित स्थानीय सञ्चारमाध्यमका अनुसार ३.२ प्रतिशतको हाराहारीमा रहेको त्यहाँको आन्तरिक बेरोजगारीलाई यो वर्ष (सन् २०२५) तीन प्रतिशतमा सीमित राख्ने लक्ष्य लिइएको छ। जसकारण कुनै समय वैदेशिक रोजगारीमा सबैभन्दा धेरै नेपाली जाने मुलुक बनेको मलेसियामा कामदारको मागमा ह्वात्तै घटेको हो। आर्थिक वर्ष २०८०/८१ मा मलेसियाका लागि श्रम स्वीकृति लिने र नवीकरण गर्नेको संख्या ८१ हजार ३८२ रहेको वैदेशिक रोजगार विभागको तथ्यांक छ। त्यसअघिको वर्ष २०७९/८० मा यस्तो संख्या दुई लाख १९ हजार ३७५ रहेको थियो।



सन् २०२४ को मे महिनाको अन्त्यतिर मलेसियन सरकारले कुनै पनि नयाँ विदेशी कामदारलाई नल्याउने नीति लिएपछि मलेसियाबाट मागपत्र आउन बन्द भएको थियो। केही कम्पनीले भने मलेसियाको मानव संसाधन मन्त्रालयसँग समन्वय गरेर केही आवश्यक कामदारहरू लग्दै आएका थिए। अब भने विदेशी श्रमिक ल्याउने तयारी गरेको मलेसियन सरकारले रोजगारदाताको माग, श्रमिक पठाउने देशमा रोजगारीको अवस्थालगायतका विषयमा अध्ययन गरिरहेको छ। अध्ययनपश्चात् कति कामदार लग्ने भन्ने यकीन हुने छ।

झण्डै एक वर्ष ठप्प भएको मलेसिया अब भने क्रमिकरूपमा खुल्दै जाने व्यवसायीहरू बताउँछन्। सुरुमा प्लान्टेसनमा तीन हजारको हाराहारीमा श्रमिक लैजाने तयारी भइरहेको वैदेशिक रोजगार व्यवयासी जनक रावल बताउँछन्, 'त्यसपश्चात् सेक्युरिटी गार्ड, उत्पादनलगायतका क्षेत्रमा पनि रोजगारी खुल्दै जानेमा हामी आशावादी छौं। कति कामदार लग्ने या नलग्ने भन्ने यकीन भइसकेको अवस्था भने छैन।'

व्यवसायीहरूले कृषि, सफाइ, निर्माण, रेस्टुरेन्ट, कार्गो, माछापालनलगायत १० वटा क्षेत्रका लागि 'एप्रुभल' पठाएका छन्। फेब्रुअरीमा एप्रुभल आइसक्छ। तर पहिलाजस्तो ठूलो संख्यामा माग नआउने अर्का व्यवसायी लोकतान्त्रिक वैदेशिक रोजगार मञ्च दीपक थापा बताउँछन्। 'त्यहाँका करिब डेढ सयजति कम्पनीमा बुझ्दा २०-२५ जनाको पनि माग छैन। मलेसियन सरकारले यही फेब्रुअरीबाट श्रमिकको न्यूनतम ज्याला १५ सयबाट १७ सय पुऱ्याउँदै छ, तर माग नै न्यून छ।'

### संकटमा व्यवसायी, खारेज हुँदै नियम

अर्कोतिर झण्डै एक वर्ष मलेसियामा रोजगारी ठप्प हुँदा मलेसियामा मात्र कामदार पठाउँदै आएका व्यवसायीहरू भने संकटमा परेका छन्। कामदारको माग नआउँदा एकातिर व्यवसाय चौपट छ भने अर्कोतिर न्यूनतम १०० जना नपठाए संस्था नवीकरण गर्न नमिल्ने व्यवस्थाले उनीहरू थप समसयामा छन्।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔंः

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# शान्ति समाजको सभापतिमा पौडेल निर्वाचित

काठमाडौं (प्रस)- मानवअधिकार तथा शान्ति समाज केन्द्रीय कार्यसमितिको सभापतिमा अधिवक्ता रेनुका पौडेल निर्वाचित भएकी छन् । समाजको हालै सम्पन्न २७औं राष्ट्रिय परिषद् बैठकबाट उनी अध्यक्ष निर्वाचित भएकी हुन् । केन्द्रीय कार्यसमितिको निर्वाचनमा वरिष्ठ उपसभापतिमा राजेन्द्र पौडेल र अधिवक्ता लक्ष्मीनारायण मिश्र, उपसभापति (महिला) मा अधिवक्ता धन थापा, महासचिवमा प्रकाश शाही र कोषाध्यक्षमा चन्द्रमणि बन्जारा निर्वाचित भएका छन् ।

सचिवमा कोशी प्रदेशका लागि सन्तोष रौनियार, मधेसमा प्रेमचन्द्र पटेल, बागमतीमा दिवाकर पुडासैनी, गण्डकीमा तीर्थराज न्यौपाने, लुम्बिनीमा धनपति (डिपी) खनाल, कर्णालीमा दिल्लीप्रसाद जैसी र सुदूरपश्चिम प्रदेशमा भक्तबहादुर विश्वकर्मा निर्वाचित भएका छन् । त्यस्तै, सचिव (आदिवासी जनजाति) मा डोरविक्रम श्रीस, महिला सचिवमा रेनुका देवकोटा, दलित सचिवमा तुलसीराम सुनार र मधेसी सचिवमा ज्योति वाल्मीकि निर्वाचित भएका छन् ।

सदस्यहरूमा उमा गोतामे, सुशीला रिजाल, कौशल्या खनाल, निरमाया मिजार, अरुण ज्ञवाली, भानुभक्त रिमाल, निर्मला गौतम, सीताराम कोइराला, शम्भु राउत र लालहरी पाण्डे निर्विरोध निर्वाचित भएका छन् । निर्वाचित पदाधिकारी/सदस्यहरूलाई निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता डिल्लीबहादुर कार्कीले समापन समारोहमा प्रमाणपत्र प्रदान गरेका थिए ।

केन्द्रीय कार्यसमितिको बैठकले शान्ति समाजको विधानअनुरूप न्यूनतम पाँच महिलासहित छ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गर्ने छ । शान्ति समाजको जिल्लादेखि केन्द्रसम्मै ४० प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य हुनुपर्ने वैधानिक व्यवस्था गरेको छ ।

पृष्ठ १ बाट क्रमशः

## समस्या समाधान...

'कार्यविभाजन नियमावली संशोधन भएको छैन । जबकि केबलकार निर्माणको नियमन गर्ने निकाय डोलिडार सामान्य प्रशासन मन्त्रालयदेखि सहरी विकास मन्त्रालय गइसक्यो तर, अझै कार्यविभाजन नियमावली संशोधन नहुँदा हामीलाई केबलकार निर्माणमा देखिएको समस्या समाधानको जिम्मा आयो,' उनले प्रभावसँग भने ।

नो केबलकार पक्षले भने गृह मन्त्रालयले नै वार्ता समिति गठन गर्नुपर्ने माग अघि सारेको छ । मुक्कुम्लुङ संयुक्त संघर्ष समितिका संयोजक श्रीप्रसाद लिम्बूले गृहबाहेकका मन्त्रालयले गठन गर्ने वार्ता समितिसँग वार्ता असम्भव रहेको बताए । 'हामीले सुरक्षाकर्मी हटाउनुपर्ने भनेका छौं । केबलकार निर्माण कार्य रोक्नुपर्छ भनेका छौं । तर, अहिलेसम्म केबलकार निर्माणका काम रोकिएको छैन । सुरक्षा पहरामा काम भइरहेको छ,' उनले भने, 'त्यही भएर हामी गृह मन्त्रालयले गठन गर्ने वार्ता समितिसँग मात्रै संवाद गर्छौं ।'

कोशी सरकारले यसअघि नै मन्त्री राम रानाको संयोजकत्वमा वार्ता समिति गठन गरिसकेको छ । वार्ताका लागि नो केबलकार पक्षलाई बोलाएको छ । तर, राना संयोजक रहेको कोशी प्रदेश सरकारको वार्ता टोलीसँग संवाद नगर्ने जनाएको छ । गृहले गठन गर्ने वार्ता समितिसँग मात्रै संवाद गर्ने अडान राख्दै आएको छ । यसअघि बुधबार गृहमन्त्री रमेश लेखकले ताप्लेजुङ, इलाम, र संखुवासभाका सांसदसँग केबलकार निर्माणमा देखिएको विवाद समाधानका लागि के गर्ने भनेर छलफल गरेका थिए । ताप्लेजुङबाट प्रतिनिधित्व गर्ने एमाले समानुपातिक सांसद उर्मिला थेबे लिम्बूले गोली नभई संवादको माध्यमबाट समस्या समाधान गर्नुपर्ने सुझाएको बताएकी थिइन् । उनका अनुसार गृहमन्त्री लेखक त्यसका लागि सहमत थिइन् । तर, वार्ता समिति गठन गरेनन् ।

उता आन्दोलनकारी भने सरकारसँग थप आक्रोशित बनेका छन् । उनीहरूले आजदेखि अरुण सभाखोला पूर्वका नौ जिल्ला ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, तेह्रथुम, धनकुटा र संखुवासभामा आमहड्तालको आह्वान गरेका छन् । यसअघि मेची राजमार्ग र तमोर कोरिडोरमा यातायात बन्दमात्रै गरेको थियो । यातायातमात्रै बन्द गर्दा सरकारले बेवास्ता गरेको भन्दै आमहड्ताल गरेको लिम्बूले बताए ।

गत शनिबार सशस्त्र प्रहरी र आन्दोलनकारीबीच तनाव हुँदा गोली चलेको थियो । त्यसक्रममा तेह्रथुमको म्याङलुङ नगरपालिका-९ का यामबहादुर लिम्बू, पाँचथरको मिक्लाजुङ गाउँपालिका-५ का सुगन लावती र ताप्लेजुङको फुङलिङ नगरपालिका-८ का धर्म पालुंवा गोली लागेर गम्भीर घाइते भए । उनीहरूको उपचार त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भइरहेको छ । सशस्त्र प्रहरीको गोली लागेरै विशाल लिम्बू र ध्वजनारायण लिम्बू घाइते भएका छन् । उनीहरूको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको लिम्बूले जानकारी दिए । उनका अनुसार दुई जनालाई प्रहरीले हिरासतमा राखेको छ ।

◆◆◆

## जब लिङ्देन...

'बैठकमै बहुसंख्यक केन्द्रीय सदस्य, पदाधिकारी र वरिष्ठ नेताहरूले अध्यक्ष लिङ्देनले राजनीतिक प्रतिवेदन पेस नगरेकोमा आलोचना गरे,' उनले प्रभावसँग भने ।

एक पदाधिकारीले बताएअनुसार अध्यक्षको प्रतिवेदन नहुँदा केन्द्रीय समितिको सम्पूर्ण कारबाही र छलफल महामन्त्री धवलशमशेर राणाको राजनीतिक कार्यपत्रमा आधारित रहयो । बैठकको निर्णय र पार्टीको कार्यदिशा सोहीअनुरूप तय भयो । राप्रपाले आगामी चैतमा काठमाडौं केन्द्रित आन्दोलन गर्ने र समान विचारधारा भएका दल, समूह, संस्थासँग सहकार्य र मोर्चाबन्दी गर्ने निर्णय गरेको छ । यी विषय डा. राणाको राजनीतिक विचारपत्रमा थियो । लिङ्देनमाथि उठेको अर्को प्रश्न आत्मकेन्द्रित बनेको भन्नेमा हो । अध्यक्ष लिङ्देनले मन्त्री त के प्रधानमन्त्री नै दिए पनि नजाने अविश्वनीय प्रतीज्ञा गरेका छन् । जबकि, उनको विगतले भन्छ- सत्ताका लागि जहिल्यै खुट्टा उचालिरहने नेता हुन् ।

अर्कोचाहिँ लिङ्देनले पुष्पकमल दाहाल नेतृत्वको सरकारमा यसअघि जानुपर्नाको औचित्य र गणतन्त्र सुदृढीकरणबारे उठेको प्रश्नको जवाफ दिएका छैनन् । ३ माघ २०७९ मा अध्यक्ष लिङ्देनकै नेतृत्वमा राप्रपा दाहाल सरकारमा गएको थियो । जबकि जनादेश भने सरकारमा जाने थिएन । त्यसबारे पार्टीभित्र पनि विरोध भएको थियो । यद्यपि, लिङ्देन नेतृत्वमा राप्रपा सरकारमा गएरै छाड्यो ।

त्यसबेला गठबन्धन सरकारको साझा कार्यक्रम तय गर्ने संयन्त्रको संयोजक तत्कालीन उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल थिए । उनी नेतृत्वको संयन्त्रले तय गरेको मस्यौदामा लोकतन्त्र सुदृढीकरण लेखिएको थियो । तर, दोस्रो तहका नेताहरूको प्रस्ताव फेरेर अध्यक्ष लिङ्देनसहितको पार्टी अध्यक्षहरूको तहले संघीय लोकतान्त्रिक गणतन्त्र सुदृढीकरण गर्ने भनी सरकारको न्यूनतम साझा कार्यक्रमलाई अन्तिम रूप दिए । लिङ्देन आफैंले तय गरेको साझा कार्यक्रम पार्टीको केन्द्रीय समिति र निर्देशन समिति कतै पेस गरेनन् ।

यही प्रश्न उनीमाथि बारम्बार उठेको छ । तर, लिङ्देननिकट महामन्त्री राजेन्द्र गुरुङले यी प्रश्नहरूको जवाफ यसअघि नै लिङ्देनले दिएको बताए । 'जे जे प्रश्न उठे, सबैको जवाफ अध्यक्षले दिनुभएको छ । पार्टीमा केही प्रश्न उहाँकेन्द्रित छैन,' उनले भने ।

◆◆◆

## पूर्वसम्पादक राईको ...

रकम हस्तान्तरण गर्न आयोजित समारोहका प्रमुख अतिथि नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)का संघीय अध्यक्ष गजुरधन राईले पुरस्कार स्थापनाका लागि गरिएको प्रयास प्रशंसानीय भएको बताए । स्व.पत्रकार कमलराजसँगको सहकार्य र उनको योगदानबारे चर्चा गर्दै अध्यक्ष राईले भने, 'कमलराज राईजस्तो सत्यनिष्ठ पत्रकारको स्मृतिमा स्थापना गरिएको यो पुरस्कारले नेपाली पत्रकारिताको गुणस्तर अभिवृद्धि गर्न योगदान पुऱ्याउने छ ।' प्रभाव पब्लिकेसन प्रालिका प्रबन्ध निर्देशक कृष्ण कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न संघसंस्था तथा दलका प्रतिनिधिहरूले स्व. पत्रकार राईको योगदानबारे चर्चा गरेका थिए ।

◆◆◆

## मलेसियामा रोजगार...

सरकारबाट इजाजतपत्र लिएर कर तिरिरहेको अवस्थामा व्यवसायीमाथि बाध्यकारी नियम लगाउन नहुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भनाइ छ । 'वर्तमान श्रममन्त्री यो नियम खारेजी गर्नेतर्फ सकारात्मक हुनुहुन्छ । संसद् बसेपछि मन्त्रीस्तरीय निर्णयलाई हाउसमा लाने तयारी छ,' संघका महासचिव मेघनाथ भुर्तेल भन्छन् ।

नेपालसँग मिल्दोजुल्दो हावापानी, सिक्न सजिलो भाषा, राम्रो पारिश्रमिकलगायतका कारण प्रायजसोको रोजाइ बन्ने मलेसियामा गैरकानुनीरूपमा बस्दै आएका कामदारहरूलाई घर फर्काउने भन्ने विगतको नीति पनि फेरिएको छ । विगतमा कुनै एउटा सेवामा रोजगारीका लागि गएका कामदारले क्षेत्र परिवर्तन गर्नेबित्तिकै उनीहरू अवैध हुने व्यवस्था थियो । अब भने उनीहरूलाई वैधानिक गर्न मिल्ने कानुन बनेको छ । यस्तो कामदारको संख्या करिब एक लाखको हाराहारीमा रहेको बताइन्छ । उनीहरू उतै वैधानिक हुने भएपछि पनि कामदारको माग केही घट्नसक्ने व्यवसायी बताउँछन् ।


**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनलाय**

## कृषि ज्ञान केन्द्र

**बिरगंज, पर्सा**

**सिचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रमका लागि आवश्यक यन्त्र उपकरणहरूको शिलबन्दी दररेट सहित सूचिकृत हुने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२०)**

यस कृषि ज्ञान केन्द्र, पर्सा बाट चालू आ.ब. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रमका लागि योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपुर्तिकर्ता, वितरकहरूबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन अर्थात मिति २०८१/११/२० गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ । रीतपूर्वक समयभित्र प्राप्त शिलबन्दी प्रस्ताव सोही दिन (२०८१/११/२०) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा कार्यालयको रोहवरमा शिलबन्दी प्रस्ताव खोलिनेछ। आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन । थप विस्तृत सूचना तथा निर्दिष्ट फाराम कार्यालयको वेबसाईट http://parsa.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।



## आदर्श गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**मौवानगरदह, डोटी**
**सूदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्रको आशय पत्र सम्बन्धि सूचना**

**प्रकाशित मिति २०८१/१०/२०**

यस आदर्श गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व. २०८१/०८२ अन्तर्गत तपुलि बमोजिमका निर्माण कार्यका लागि मिति २०८१/०८/२६ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम अंकमा मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | कामको विवरण | फर्म/कम्पनि | कबोल रकम |
|---|---|---|---|
| ARM/NCB/WORKS/ 081-082/02 | Construction of Mauwa-Girichauka Road (Stage 2) at Ward No. 06 & 07 of ARM , Doti | श्री एस के निर्माण सेवा, असिग्राम ०७ डडेल्धुरा | रू. १,४३,१७,०५५/०० मु.अ.क. सहित |

**प्रमुख प्रशासकिय अधिकृत**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, २० माघ, २०८१

| | |
|---|---|
| **मेष** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **वृष** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **मिथुन** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| **कर्कट** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **सिंह** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **कन्या** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| **तुला** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **वृश्चिक** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **धनु** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **मकर** | दिगो कामको जग बसाउन सकिने छ । |
| **कुम्भ** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **मीन** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० माघ, २०८१ (०२ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.८६ | १३८.४६ |
| युरो | १ को | १४४.९३ | १४५.५६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.४३ | १७३.१८ |
| स्विस फ्रैन्क | १ को | १५३.६७ | १५४.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८२ | ८७.२० |
| क्यानाडियन डलर | १ को | ९६.०३ | ९६.४५ |
| सिङ्गापुर डलर | १ को | १०२.६४ | १०३.०९ |
| जापानी येन | १० को | ८.९६ | ९.०० |
| चिनियाँ युआन | १ को | १९.०१ | १९.०९ |
| साउदी अरब रियाल | १ को | ३६.७५ | ३६.९१ |
| कतारी रियाल | १ को | ३७.८१ | ३७.९८ |
| थाई भाट | १ को | ४.१० | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५३ | ३७.७० |
| मलेसियन रिङेट | १ को | ३१.४९ | ३१.६२ |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६७ |
| स्विडिस क्रोनर | १ को | १२.५९ | १२.६५ |
| डेनिस क्रोनर | १ को | १९.४२ | १९.५१ |
| हङकङ डलर | १ को | १७.७० | १७.७८ |
| कुवेती दिनार | १ को | ४४७.६७ | ४४९.६२ |
| बहराइन दिनार | १ को | ३६५.६८ | ३६७.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**योमरी बनाउदै महिला** | काठमाडौंको टोखा नगरपालिका वडा नं २ र ३ द्वारा शनिबार टोखा बजारमा गरिएको टोखा सडक नेवा:खाजा महोत्सवमा सडकमै योमरी बनाउँदै टोखाका स्थानीय महिला । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# स्वास्थ्य बिमाअन्तर्गत छरिएका कार्यक्रमलाई एकीकृत गर्नुपर्ने

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलले छरिएर रहेका स्वास्थ्य बिमासम्बन्धी कार्यक्रमलाई एकीकृत गर्नुपर्ने सुझाव दिएको छ । कार्यदलको प्रतिवेदनमा छरिएर रहेका स्वास्थ्य उपचार सहायता तथा अनुदानसम्बन्धी कार्यक्रमलाई स्वास्थ्य बिमा बोर्डबाट एकीकृत गर्न सकिने उल्लेख गरिएको हो ।

प्रतिवेदनमा आठ किसिमका कडा रोगका लागि दिइँदै आएको एक लाख रूपैयाँको स्वास्थ्य सुविधा, आमा सुरक्षा कार्यक्रम, मिर्गौला तथा कलेजो प्रत्यारोपण, क्यान्सर उपचार सहयोग कार्यक्रम, अस्पतालका सामाजिक सेवा एकाइमार्फत दिइने उपचार सेवा, वृद्ध र बालबालिकाको निःशुल्क उपचार, १५ वर्षमुनिका र ७० वर्षमाथिको मुटुको निःशुल्क उपचार, विपन्न नागरिकका लागि कडा रोगको निःशुल्क उपचारलगायत कार्यक्रमलाई एकीकृत गर्नुपर्ने सुझाव दिइएको वरिष्ठ जनस्वास्थ्यविद् एवं स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलका संयोजक डा. शम्भु आचार्यले जानकारी दिए ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निजामती कर्मचारी अस्पताल उपचार सेवा, प्रदेश सरकारले प्रदान गर्दै आएका स्वास्थ्य सहयोग तथा अनुदान र स्थानीय तहबाट भएका स्वास्थ्य सहायता तथा अनुदान कार्यक्रमलाई पनि स्वास्थ्य बिमा बोर्डमार्फत दिन सकिने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपालमा छरिएर रहेका स्वास्थ्य उपचार सहायता तथा अनुदानसम्बन्धी कार्यक्रमलाई एकीकृत गर्दा प्राप्त हुने स्रोत करिब १५ अर्ब रूपैयाँ हुने जनाउँदै उनले छरिएर रहेका समान प्रकृतिका कार्यक्रमले खर्च र सरकारको बजेट बढाउने देखिएकाले एकीकृत गर्नुपर्ने सुझाव दिइएको बताए । प्रतिवेदनले स्वास्थ्य बिमाको सुविधाको दायरा र पुँजी बढाउनुपर्ने सुझाव दिएको छ । घातक रोग लाग्दा अहिलेको सुविधा क्षेत्रले धान्ने अवस्था नरहेको, दीर्घरोग लागेका सदस्य भएका परिवारलाई र परिवारका धेरै सदस्य बिरामी पर्दा अहिलेको सुविधा कम पर्ने भएकाले दायरा र पुँजी बढाउन सुझाव दिइएको संयोजक आचार्यले उल्लेख गरे ।

प्रतिवेदनमा व्यक्तिको पकेट खर्च ५४ प्रतिशतबाट घटाई २० प्रतिशतमा झार्नुपर्ने उल्लेख छ । प्रतिघरले स्वास्थ्य बिमाका लागि तिरेको औसत प्रिमियम तीन हजार ८०० रूपैयाँ र दाबी आठ हजार ३५० रूपैयाँ रहेको उल्लेख गर्दै आचार्यले बोर्डले बिमा गराएबापत संकलन गरेको रकमले २४ प्रतिशतमात्र खर्च धान्नसक्ने अवस्था रहेको जानकारी दिए ।

# वनभित्र सुकेका झिजामिजा, पत्कर र झाडी डढेलोका प्रमुख कारक बन्दै

■ भीष्मराज ओझा

**काठमाडौं–** पछिल्लो समय शिक्षा र रोजगारीको खोजीमा युवाहरू विदेश तथा मुलुकभित्रैका सहरमा पलायन भइरहेका छन् । युवा जनशक्तिको कमीका कारण खागगरी पहाडी क्षेत्रमा खेतबारी बाँझो हुने क्रम बढ्दो छ । अर्कोतिर वन्यजन्तुका कारण पनि कृषकहरू पलायन भई वस्तुभाउसमेत पाल्न छाडेका छन् ।

यसले गर्दा वनजंगलका स्रोतको संकलन र प्रयोगमा निकै कमी आएको छ । वनजंगलभित्र सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ जम्मा हुँदै जाँदा सुख्खा मौसममा डढेलोका लागि उर्वर स्रोत भएर बसेका छन् । सरोकारवालाहरूले त्यस्ता पदार्थको समयमै व्यवस्थापन र सदुपयोग गर्न नसके डढेलोको भयावह रूप हुने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

वन तथा वातावरण मन्त्रालयले शुक्रबार वन डढेलो नियन्त्रण सम्बन्धमा सरोकारवालाबीच गरेको अन्तरक्रियामा उनीहरूले समयमै वन व्यवस्थापन गरी काठ दाउरा संकलनलाई थप प्रभावकारी बनाउन तथा गाउँ बस्ती किनारका ज्वलनशील पदार्थ व्यवस्थापन गर्न सुझाव दिएका हुन् । निजी क्षेत्रलाई जिम्मेवारी दिएर, बायो बिक्रेट बनाएर, स्थानीय समुदाय र विद्यार्थीलाई परिचालन गरेर भए पनि त्यस्ता ज्वलनशील पदार्थ हटाउन अभियान चलाउनुपर्नेमा विज्ञको जोड छ ।

मन्त्रालयको वन तथा जलाधार महाशाखाका प्रमुख सहसचिव दीपक ज्ञवालीले यो वर्ष पनि लामो हिउँदे खडेरीले जोखिम बढेको उल्लेख गर्दै काभ्रे र ललितपुरको यसै महिनाको डढेलोका घटनाले सजक हुनुपर्ने बताए । यसका बाबजुद भौगोलिक धरातल र सुरक्षा, उपयुक्त उपकरणको सहज उपलब्धता, डढेलो नियन्त्रणमा महँगो र अधिक स्रोत आवश्यक पर्ने, सीमित परम्परागत तालिम प्राप्त जनशक्ति, उत्प्रेरणाको कमीलगायत चुनौती रहेको सहसचिव ज्ञवालीको भनाइ थियो । 'वनमा सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ निजी क्षेत्रलाई जिम्मेवारी दिएर भए पनि औद्योगिक कच्चा पदार्थका रूपमा प्रयोग गर्न सके केही मात्रामा भए पनि डढेलोको जोखिम कम हुन्छ,' उनले भने ।

### डढेलोको घट्ना तराईमा धेरै, क्षति भने पहाडमा धेरै

मुलुकको भौगोलिक हिसाबले वन डढेलोको घटनालाई हेर्दा सबै भौगोलिक क्षेत्रमा घटना हुने गरेको छ । तराईमा घटनामा संख्या बढी तर अवधि छोटो देखिन्छ । चुरे क्षेत्रमा बढी क्षेत्रफल प्रभावित देखिन्छ । मध्य पहाडमा बस्तीमा प्रवेश, जनधनको क्षति र क्षेत्रफलका हिसाबले सबैभन्दा बढी डढेलोका घट्ना रहेको मन्त्रालयको तथ्यांक छ । तथ्यांकानुसार प्रतिवर्ष तीन हजारभन्दा बढी डढेलोका घटना हुने गरेका र प्रतिघटनामा सरदर छ हेक्टरको हिसाबले वन क्षेत्र प्रभावित भएको पाइएको छ । नेपालमा ६५ प्रतिशत वन डढेलो अप्रिल महिनामा लाग्ने गरेको छ ।

वन डढेलोविज्ञ सुन्दर शर्माले डढेलो नियन्त्रणका लागि कार्यदल बनाएर कार्ययोजना कार्यान्वयन गर्न सकेमात्र प्रभावकारी हुने सुझाव दिए । उनले भने, 'छरिएर रहेका योजना, बजेट र जनशक्तिलाई एकत्रित गरी आवश्यक उपकरणका साथ जनशक्तिको क्षमता अभिवृद्धि गर्न सके परिणाममुखी हुन्छ ।' व्यवस्थितरूपमा नियन्त्रित डढेलो लगाएर यसको जोखिम कम गर्नुपर्ने, नियन्त्रणका लागि अग्निरेखा बनाउनुपर्ने, समुदायस्तरमा पूर्वतयारी र रोकथामका उपायबारे जनचेतना जगाउनुपर्ने उनको भनाइ थियो ।

वन डढेलोका अन्तरनिहीत कारणमा वन व्यवस्थापन हुन नसक्नु, वनमा ज्वलनशील पदार्थ अधिक जम्मा हुनु, खेतीयोग्य जमिन बाँझो रहनु, लापरवाही वा अञ्जान वा नियतवस आगो लगाउने, पशु चौपयामा रोगव्याधी नलाग्ने अन्धविश्वास, चोरी शिकार, समयमै महत्त्व नदिनु र लागेपछि पछुताउनुपर्नेलगायत रहेका छन् । ज्वलनशील पदार्थको व्यवस्थापन नै सबैभन्दा महत्त्वपूर्ण विषय बनेको छ । मानवीय कारणबाट ९६ प्रतिशत डढेलो लाग्ने गरेको छ । त्यसमा झण्डै ७० प्रतिशत डढेलो लापरवाही वा अञ्जानले घटना हुने भएकाले यसलाई रोक्न सकिने विज्ञ शर्माको सुझाव छ ।

नेपाल प्रहरीकी प्रहरी वरिष्ठ उपरीक्षक तारादेवी थापाले प्रहरीले डढेलो रोकथाम र नियन्त्रण बारेमा समुदायमा जनचेतना जगाउन घरदैलो अभियान गर्ने तयारी गरेको अवगत गराउँदै यसमा सञ्चारमाध्यम र सामाजिक सञ्जालकोसमेत उपयोग गर्नुपर्नेमा जोड दिइन् । सशस्त्र प्रहरी बलका प्रहरी नायब उपरीक्षक लक्ष्मणबहादुर बस्नेतले डढेलो रोकथाममा सुरक्षा पहिलो प्राथमिकताको सिद्धान्तअनुसार समुदाय परिचालन नै सबैभन्दा प्रभाकारी हुने उल्लेख गर्दै वनमा ट्र्याक बनाउने, सुकेका झारपात, पतिंगर र काठ हटाउने अभियान चलाउनुपर्ने बताए ।

नेपाल वन प्राविधिक संघका अध्यक्ष राकेश कर्णले डढेलो नियन्त्रणका लागि पुरस्कार र दण्डको प्रभावकारी व्यवस्था गर्नुपर्ने उल्लेख गर्दै समूहस्तरबाट धुँवा देखिनासाथ डिभिजन वन कार्यालयले सूचना प्राप्त गर्ने प्रणाली विकास गर्नुपर्ने, डिभिजनस्तरमा जिम्मेवार कर्मचारी एवं सुरक्षा निकाय समावेश भएको सामग्री र सवारीसाधनसहितको र स्थानीयस्तरमा सब डिभिजनले संयोजन गरेको समूहसहितको सञ्जाल र समूहस्तरमा दस्ताको प्रभावकारी परिचालन गर्नुपर्ने सुझाव दिए ।

### सन् २०२१ मा सबैभन्दा धेरै डढेलोका घट्ना

सन् २०२४ को तथ्यांकअनुसार नेपालभर पाँच हजार १३६ स्थानमा वन डढेलोका घटना भएको र ७४ जिल्ला प्रभावित भएका थिए । त्यसमध्ये सबैभन्दा धेरै सुर्खेतमा ३२८, सल्यानमा २८१, दाङमा २७६, कैलालीमा २५६, चिवतनमा २५०, बर्दियामा २२६, डोटीमा २०७, डडेलधुरामा १८५, पर्सा १७३ र बाँके १६५ डढेलोका घट्ना भएको थियो । त्यस्तै विगत १० वर्षको तथ्यांक हेर्ने हो भने सबैभन्दा धेरै (तीन वर्ष) सन् २०१६ मा छ हजार २३४, सन् २०२१ मा छ हजार ५३७ र २०२४ मा पाँच हजार १३६ डढेलोका घट्ना भएका थिए ।



कार्यक्रममा वनमन्त्री ऐनबहादुर शाही ठकुरीले डढेलोका घटना हुन नदिन वा भएमा तत्काल नियन्त्रण गरी सम्भाव्य क्षति हुन नदिनका लागि आवश्यक सबै कार्य गर्न मातहतका अधिकारीलाई निर्देशन दिए । यसका लागि मन्त्रालय मातहतका सबै निकाय परिचालित हुनुपर्ने उल्लेख गर्दै उनले आफूहरूले उपलब्ध स्रोत साधन र जनशक्ति परिचालन गरी डढेलो नियन्त्रणका लागि हरसम्भव प्रयास गरिरहेको जानकारी दिए ।

'मन्त्रालयले नीतिगत व्यवस्था र विभिन्न सरोकारवाला निकायसँग समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ,' मन्त्री शाहीले भने, 'मन्त्रालयबाट संरक्षित क्षेत्र भित्र विभिन्न कार्यक्रम र वन सुरक्षा योजना कार्यान्वयन र वन डढेलो नियन्त्रणका लागी हरेक वर्ष संघीय ससर्त कार्यक्रममार्फत प्रदेशमा बजेट विनियोजन गरिएको छ ।' डढेलो नियन्त्रणमा स्थानीय तह र समुदायलाई पनि जिम्मेवार बनाएर अघि बढ्नुनुपर्ने उनको धारणा थियो ।

वन राज्यमन्त्री रूपा विकले नेपालले जलवायु परिवर्तनको असरका कारण डढेलो नियन्त्रणका लागि थप तयारी गर्नुपर्नेमा बताइन् । 'तीनै तहका सरकारबीचको आपसी समन्वय र सहयोग तथा सम्बन्धित सबै निकायको परिचालनले मात्र डढेलो नियन्त्रणको कार्ययोजना कार्यान्वयन गर्न सकिन्छ,' उनले भने, 'डढेलो नियन्त्रणका लागि स्रोत साधनयुक्त प्राविधिक टोली घट्नास्थलमा समयमै पुग्नु आवश्यक छ । त्यसका लागि हामी सक्दो प्रयास गरिरहेका छौं ।'

सरकारले डढेलो नियन्त्रणका लागि वार्षिक बजेट, वन नीति, वन ऐन, वन नियमावली, वन डढेलो व्यवस्थापन रणनीति, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, जलवायु परिवर्तन नीति, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरण नियमावलीलगायत कानुनी र नीतिगत व्यवस्था गरेको छ । वनमन्त्री शाहीका जलवायु विज्ञ सल्लाहकार डा. माधवबहादुर कार्कीले डढेलोबाट वन नजिकै बस्ने समुदाय बढी प्रभावित हुने भएकाले यसको नियन्त्रणका लागि पनि समुदायलाई नै सचेतना जगाएर सहभागी बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'स्थानीय सबै प्रकारका सामुदायिक वन उपभोक्ता समूहलाई अपनत्वका साथ डढेलो नियन्त्रणमा सहभागी बनाउन सके प्रभावकारी काम हुन्छ ।'

### प्रतिकार्यका लागि १० दिनभित्र कार्यदल गठन गरिने

मन्त्रालयका सचिव डा. दीपककुमार खरालले जलवायुको असरले डढेलो बढाएको र डढेलोका कारण जलवायुका असर बढेको बताए । डढेलोले जैविक विविधताको ह्रास हुने गरेको र वायु पनि प्रदूषण हुने गरेकाले यसको नियन्त्रणमा सबै संवेदनशील भएर लाग्नुपर्ने उल्लेख गरे । यसमा छरिएका नीति, कानुन र निकायलाई एकीकृत गरेर परिचालन गरिने बताउँदै सचिव डा. खरालले भने, 'डढेलो नियन्त्रणमा काम गर्न सम्बन्धित निकायका प्रतिनिधि सम्मिलित हुने गरी १० दिनभित्र कार्यदल गठन गरिने छ । साथै छिट्टै सरकारी तथा वैदेशिक सहायतामा वन डढेलो नियन्त्रणसम्बन्धी परियोजना पनि सञ्चालन गर्ने छौं ।'

उनले सरकारले यस क्षेत्रका लागि सबै प्रकारका विपद्का राष्ट्रिय फोकल संस्थाका रूपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरेको, सुरक्षा निकायहरूमा महाशाखाहरू र तालिम प्राप्त जनशक्ति रहेको, वन मन्त्रालय वन डढेलोसँग सम्बन्धित राष्ट्रिय फोकल संस्थाका रहेको, वन तथा भू-संरक्षण विभागमा वन डढेलो सूचना कक्ष सञ्चालन रहेको, स्थानीय तहमा विपद् व्यवस्थापन समिति र वातावरण तथा विपद् व्यवस्थापन महाशाखा रहेको जानकारी गराए ।

कार्यक्रममा सहभागी सरोकारवाला निकाय प्रतिनिधिहरूले फागुनदेखि जेठमा वन डढेलो रोकथाम र नियन्त्रण विशेष कार्यक्रम गर्नुपर्ने, जनचेतनाका लागि घरदैलो अभियान सञ्चालन गर्नुपर्ने, संरक्षित क्षेत्र स्तरमा जिम्मेवार कर्मचारी र खटिएको नेपाली सेनाको टिम परिचालन गर्नुपर्ने, सामग्री एवं साधन स्रोतको व्यवस्था आवश्यक परेको बखत दमकल र हेलिकप्टर परिचालन गर्नुपर्ने, खटिने टोलीको सुरक्षा, बिमा, उपचार, खाजा/खानाको व्यवस्थापन गर्नुपर्ने, स्थानीय सञ्चारमाध्यम, सामाजिक सञ्जाल, समुदाय र शैक्षिक संस्थाहरूमा विविध सचेतनाका कार्यक्रम गर्नुपर्नेलगायत सुझाव दिएका थिए । *रासस*


**Government of Nepal**
**Ministry of Finance**
**Department of Custom**
**Kailali Customs Office Kailali**

**Invitation for Online-Bids**

**(Notice No: CUSTOM/KAILALI/Works/NCB/ 2081/082/01)**
**Date of Publication: 2081/10/20 (2 February, 2025)**

1. Kailali Customs Office, Dhangadhi Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp .

| Contract ID | Description of Works | Total Estimated Amount NRs (Without VAT including Provisional Sum ) | Bid Security Amount ( NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| CUSTOM/KAILALI/Works/ NCB/ 1-2081/082 | Construction of Public Toilet at Customs Office Kailali | 18,80,343.00 | 55,000.00 | 3000 |

**CUSTOMS CHIEF**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विकृत ‘कार्टेलिङ’ बन्द गरियोस्

आर्थिक मन्दीले व्यापारी, व्यवसायीदेखि उद्योगी मारमा परेका छन् । मन्दी घटेर बजारमा सन्तुलन आइसकेको दाबी सरकारले गर्दै आएको धेरै भइसक्यो । मन्दी र सरकारको दाबीको ‘ग्याप’मा बसेर उद्योगीले भने ‘कार्टेलिङ’ गर्दै मूल्य बढाइरहेका छन् । कार्टेलिङ भनेको मिलेमतोमा मूल्य निर्धारण गर्नु हो । यो कानुनतः अवैधानिक कार्य हो । यसरी कार्टेलिङ गर्नेमाथि सरकारले कारबाही गर्नुपर्नेमा उल्टै यसलाई वैधता दिने काम गरेको छ । जुन उपभोक्तामाथिको लुट नै हो ।

खुलाबजार नीतिलाई मान्य हो भने एउटा उद्योगीले अर्को उद्योगीसँग प्रतिस्पर्धा गर्न मूल्य घटाउने वा गुणस्तर बढाएर मूल्य पनि बढाउने गर्छन् । तर ग्राहकलाई मारमा पार्न अहिले उद्योगीहरू मिलेर सिमेन्टको मूल्य एउटै राखेको भेटिएको छ । वस्तु वा सेवामा सीमित व्यक्तिले नियन्त्रण गर्नु उपभोक्ता र खुला बजारविरुद्धको अपराध हो । त्यो पनि दोब्बरसम्म मूल्य बढाएर । यो मूल्यवृद्धिबारे पटक–पटक निर्माण व्यवसायीले आवाज उठाए पनि कतै सुनुवाइ भएन । किनभने अधिकांश राजनीतिक नेता, सरकारसमेत उद्योगीको पक्षमा देखिए । दोब्बरसम्मको मूल्य बढेपछि भने यो विषयले संसदको समितिमा प्रवेश पाएको छ । निर्माणको सिजन चल्नासाथ उद्योगीले विभिन्न कारण देखाउँदै सिमेन्टको मूल्य बढाएको देखिन्छ ।

उनीहरूले पहिलो कारण लोडसेडिङलाई देखाएको छ । त्यसपछि सिमेन्टको कच्चा पदार्थका कारण पनि लागत बढेको तर्क अघि सारेको छ । जबकि यो मूल्यमा पनि उद्योगीले मनपरि मूल्य राखिदिएको देखिन्छ । भारत निर्यात गर्दा सस्तोमा पठाउने तर नेपाली बजारमा चर्को मूल्य लिनु नै निकै अस्वाभाविक देखिन्छ । सरकारले नेपालमा लगानीमैत्री वातावरण बनाउन भन्दै अध्यादेश जारी गरेको छ । यो अध्यादेशको चौतर्फी प्रशंसा पनि भएको देखिन्छ । तर खुला बजारमा जसले जति पनि मूल्य निर्धारण गर्न पाउने भन्दै सरकारले यस्तो खाले छाडा मूल्य तोक्ने छुट दिनुहुन्न ।

उद्योगीलाई प्रोत्साहन गर्न विद्युत् प्रवाह खोलिदिने काम सरकारको हो । बजार व्यवस्थापन गरिदिने काम सरकारको हो । तर अत्याधिक मूल्यवृद्धिमा साथ दिने हैन । सत्तापक्षकै सांसदहरूले सिमेन्टमा मूल्यवृद्धि आकाशिएको प्रमाण पेस गर्दासमेत उद्योगमन्त्री दामोदर भण्डारी भने उद्योगीको बचाउमा उत्रिए लेखा समितिमा । जनताको सेवा गर्न सरकारमा पुगेको व्यक्तिले यसरी कालोबजारीको संरक्षण गर्न कति पनि उचित हुन्न । लेखा समितिले मूल्य बढाउनु प्रथम दृष्टिमै अस्वाभाविक भन्दै तत्काल यो नियन्त्रण गर्न निर्देशन दिइसकेको छ । यसलाई अल्याङटल्याङ गर्ने काम मन्त्रालयबाट नहोस् । कार्टेलिङलाई वैधता दिने काम तुरुन्त बन्द होस् । यस्तो विकृत काम गर्नेलाई कारबाहीको दायरामा ल्याइयोस् ।

# नुन र मुटुरोगको सम्बन्ध



■ डा राजेन्द्र कोजु

नुन र मुटुरोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक, र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ । अन्य देशहरूमा जस्तै नेपालमा पनि नुनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्डअनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ । कम नुन खाएर, स्वस्थ जीवनशैली अपनाएर र जनचेतना अभिवृद्धि गरेर यस समस्या नियन्त्रण गर्न सकिन्छ । बालबालिकाहरूलाई घरमा नुनको अधिक सेवनको बेफाइदाबारे जानकारी दिने र विद्यालयमा पनि तयारी खानालाई निषेध गर्ने तथा पाठ्यक्रमहरूमा यसबारेमा विषयवस्तुहरु समावेश गर्न आवश्यक छ ।

नुन हाम्रो भान्साको एक अपरिहार्य वस्तु हो । हामीले बिहानको नास्तादेखि खाना, दिउँसोको खाजा र साँझको खानामा नुनको प्रयोग गरेकै हुन्छौं । अझ भनौं नुन हाम्रो जिब्रोको स्वाद हो, जसको अभावमा हामीले खाने भोजन स्वादिष्ट हुँदैन । नुनको अभावमा शरीरमा आलस्यता आउने मात्र होइन, स्वास्थ्यमा अनेक समस्या हुने गर्दछ ।

नुन हाम्रो संस्कृतिसँग पनि जोडिएको छ । जुठो बार्दा नुन नखाने, कतिपय पूजाआजामा अनिवार्य प्रयोग गरिन्छ । यसरी हाम्रो शरीरका लागि अपरिहार्य नुन किन फेरि हानिकारक छ त भन्ने प्रश्न पनि उठ्ने गर्दछ । ठिक्क हुँदा ठीक, बेसी हुँदा हानिकारक हुने भएकाले नुनको प्रयोगमा ध्यान दिनुपर्छ । दैनिक कति नुन हाम्रो शरीरका लागि आवश्यक हो त भन्ने कुरा व्यक्तिको जीवनशैली, ठाउँ र स्वास्थ्य अवस्थाले पनि केही फरक पार्न सक्छ । सामान्यतः दैनिक दुईदेखि तीन ग्रामसम्म नुन (सोडियम) सेवन गर्नु उपयुक्त हुन्छ । बढीमा पाँच ग्राममा सीमित रहनेगरी खान सकिने भन्ने विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले पनि भनेको छ ।

## मुटुसँगको सम्बन्ध

नेपालमा नुन सेवन र मुटुरोगको सम्बन्ध गम्भीर चिन्ताको विषय बनेको छ । आयोडिनयुक्त नुनले थाइराइडजस्ता रोग नियन्त्रण गर्न सहयोग पुर्‍याए पनि यसको अत्यधिक सेवनले मुटुरोगलाई निम्त्याउन सक्छ । यहाँका मानिसको जीवनशैली, खानपान र स्वास्थ्य शिक्षाको अभावका कारण नुनको अत्यधिक सेवन र यसको कारणले हुने मुटुरोगका समस्या बढ्दो क्रममा छन् । हाम्रो स्वास्थ्यका लागि दुईदेखि तीन ग्राम उपयुक्त हुन्छ तर अधिकांश नेपालीले दैनिक पाँच ग्रामभन्दा धेरै नुन सेवन गर्ने गर्छन् । विशेषगरी अचार, तिख्खर खानेकुरा, तथा प्रशोधित खानेकुराहरू जस्तै, लेज, कुरकुरे, चाउचाउ आदिमा उच्च मात्रामा नुन हुन्छ । ग्रामीण क्षेत्रमा प्राकृतिक खानाको प्रयोग भए पनि, सहरी क्षेत्रमा प्रशोधित खाना र फास्ट फुडको लोकप्रियताले नुन सेवनको दर उच्च देखिएको छ ।

नुन र मुटुरोगबीचको सम्बन्ध धेरै अध्ययनहरूद्वारा पुष्टि भएको छ । नुनमा सोडियमको मात्रा धेरै हुन्छ । अत्यधिक सोडियमले शरीरमा पानी थुप्रिने (पानी धारण गर्ने) समस्या उत्पन्न गराउँछ, जसले गर्दा रक्तचाप बढ्छ । रक्तचापले मुटु र रक्तनलीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छ । उच्च रक्तचाप (हाइपरटेन्सन) मुटुरोगको प्रमुख जोखिम कारक हो । नेपालमा हृदय रोग मृत्युको प्रमुख कारणमध्ये एक हो । उच्च रक्तचाप र यसका कारण मुटुरोग हुने समस्या नेपालमा तीव्र रूपमा बढ्दै छ । डब्ल्युएचओका अनुसार, नेपालमा लगभग ३० प्रतिशत वयस्क जनसंख्या उच्च रक्तचापको जोखिममा छ ।

लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको मांसपेशीमा अनावश्यक दबाब पर्छ । यसले मुटुको असमान्य कार्यक्षमता, हृदयाघात र स्ट्रोकजस्ता समस्या निम्त्याउन सक्छ । नुनको अत्यधिक सेवनले धमनीहरूलाई सख्त (अथेरोस्क्लेरोसिस) बनाउँछ । यो प्रक्रियाले रक्तप्रवाहलाई अवरुद्ध गर्नसक्छ, जसले मुटुमा अक्सिजनको अभाव गराउँछ । धेरै नुन सेवन गर्ने व्यक्तिहरूमा पानी र सोडियमको सन्तुलन बिग्रन सक्छ । यसले मुटुको काम गर्न कठिन बनाउँछ, जसले मुटुको विफलताको सम्भावना बढाउँछ । नेपालमा स्वास्थ्य मन्त्रालयः उच्च रक्तचाप र मुटुरोग नियन्त्रणका लागि केही कार्यक्रम र जनचेतनामूलक गतिविधि गर्दै आएको छ । नुनको उपभोग कम गर्ने रणनीति बनाउन डब्ल्युएचओले नेपाल सरकारसँग सहकार्य गरिरहेको छ ।

## अन्य देशमा नुनको प्रयोग

सामान्यतः अधिकांश देशहरूमा औसत नुन सेवन डब्ल्युएचओको सिफारिस (पाँच ग्राम प्रतिदिन) भन्दा धेरै उच्च छ । विकसित देशहरूले यसबारे धेरै सुधार गरेका छन्, तर विकासशील देशहरूमा अझै जनचेतना र नीतिगत हस्तक्षेप आवश्यक छ । ती देशहरूमा नुनको प्रयोग जनसंख्या, संस्कृति, खानपान र जीवनशैलीका आधारमा फरक छ । विकसित देशहरूमा नुन सेवनमा कमी ल्याउने प्रयास भइरहेको छभने धेरै विकासशील देशहरूमा अझै अत्यधिक नुन सेवन चुनौतीपूर्ण रहेको छ ।

विश्वका विकसित देशहरूमा नुनको प्रयोग कम गर्न राज्यस्तरबाटै पहलहरू भएको पाइन्छ । अमेरिकी सरकारले नुनको प्रयोग कम गर्न जनचेतना अभियान र खाद्य उद्योगमा नयाँ मापदण्ड लागू गरिरहेको छ । ल्याटिन अमेरिका मुलुकहरू ब्राजिल, मेक्सिको, अर्जेन्टिनाजस्ता देशहरूमा औसत नुन सेवन उच्च (८-११ ग्राम प्रतिदिन) छ । बेलायत, फिनल्यान्ड, डेनमार्कलगायत युरोपेली देशहरूमा नुन सेवन कम गर्न ठूला अभियान सञ्चालन गरिएको छ । बेलायतमा नुन सेवन कम गर्न पब्लिक हेल्थ इंल्यान्डले फुड म्यान्युफ्याक्चरर्सलाई प्रशोधित खानामा नुन घटाउन निर्देशन दिएको छ । फिनल्यान्डः फिनल्यान्डले १९७० को दशकदेखि ‘लो-सोडियम खाना’ को प्रवर्द्धन गरेर नुन सेवनलाई ३० प्रतिशतले कम गरेको छ । सरकारले जनचेतना र ‘लो-सोडियम सोया सस’ को प्रवर्द्धन गरेर सुधार गर्ने प्रयास गरेको छ ।

छिमेकी मुलुक चीनमा औसत नुन सेवन १०-१२ ग्राम प्रतिदिन रहेकाले त्यसलाई घटाउन सरकारले जनचेतना कार्यक्रम सञ्चालन गरेको छ । भारतीयहरूको औसत दैनिक नुन सेवन ८-१० ग्राम गरिरहेका छन् । सरकारको ध्यान आयोडिनयुक्त नुन प्रवर्द्धनमा केन्द्रित रहेकाले, नुन कम गर्ने पहल भएको देखिँदैन । स्वास्थ्य शिक्षाको कमीले गर्दा अधिकांश अफ्रिकी देशहरूमा नुन सेवनको स्तर उच्च छ । भुटान, पाकिस्तान, अफगानिस्तान, श्रीलंकाका ग्रामीण र सहरी क्षेत्रमा नुनको अत्यधिक प्रयोग देखिन्छ ।

## कसरी स्वस्थ्य हुने त ?

नुन र मुटुरोगबीचको सम्बन्धबारे जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ । प्रशोधित खाना, जस्तैः चिप्स, तयारी खाना (जंक फुड), डिब्बामा बन्द गरिएका खाना आदिमा सोडियम धेरै हुनेहुँदा यस्ता खानेकुराहरूबाट टाढै बस्नु उपयुक्त हुन्छ । नियमित व्यायाम, सन्तुलित आहार र तनाव व्यवस्थापनले मुटुरोगको जोखिम कम गर्न मद्दत गर्छ । यदि तपाईंमा मुटुरोग वा उच्च रक्तचापको इतिहास छभने चिकित्सकसँग परामर्श गरेर नुन सेवनको उचित सीमा निर्धारण गर्नु अत्यन्त महत्त्वपूर्ण छ ।

घरमा खाना पकाउँदा नुनको मात्रा नियन्त्रण गर्नु र बाहिरका प्रशोधित खानेकुरा कम गर्नुपर्छ । यसका लागि धेरै किसिमका तरकारीको सट्टा एक वा दुई किसिमका तरकारी वा दालको प्रयोग गर्ने, सागपातहरूमा नुनको प्रयोग नगर्ने, एउटा तरकारीमा



नुन राखेमा अर्कोमा नराख्नेजस्ता तरिका पनि अपनाउन सकिन्छ ।

नियमितरूपमा रक्तचाप जाँच गर्न र मुटुरोगको प्रारम्भिक उपचार सुनिश्चित गर्ने गरिएमा मुटुजन्य स्वास्थ्य समस्या आउन पाउँदैन । स्थानीय, ताजा र सन्तुलित खाना खाने बानी बसाल्नु, व्यायाम गर्नु र धूमपान तथा मद्यपान त्याग्नु जरुरी छ ।

## निष्कर्ष

नुन र मुटुरोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक, र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ । अन्य देशहरूमा जस्तै नेपालमा पनि नुनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्डअनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ । कम नुन खाएर, स्वस्थ जीवनशैली अपनाएर र जनचेतना अभिवृद्धि गरेर यस समस्या नियन्त्रण गर्न सकिन्छ । बालबालिकाहरूलाई घरमा नुनको अधिक सेवनको बेफाइदाबारे जानकारी दिने र विद्यालयमा पनि तयारी खानालाई निषेध गर्ने तथा पाठचक्रमहरूमा यसबारेमा वियषयवस्तुहरू समावेश गर्न आवश्यक छ ।

(‘मुटुको कथा’ पुस्तकका लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ डा कोजुसँग गरिएको कुराकानीमा आधारित)

## श्रम सरोकार

### पहिलोपटक वैदेशिक रोजगारीमा जाँदा यी कुरामा ध्यान दिऔं

वैदेशिक रोजगारीमा पहिलोपटक जाँदै हुनुहुन्छ भने विमानस्थलमा पुग्ने समयदेखि विभिन्न कुरामा ख्याल गर्नुपर्छ । अन्यथा दुःख पाइनुका साथै उडान नै छुट्ने जोखिम हुन्छ । साथै विमानस्थलमा अन्य विषयमा पनि ध्यान दिन जरुरी छ ।

विदेश जाँदा हवाइ टिकट हेरी उल्लिखित प्रस्थान समयभन्दा कम्तीमा तीन घण्टाअघि नै विमानस्थलमा पुग्नुपर्छ । वैदेशिक रोजगारमा जानेहरूका लागि अचेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिरिक्त चेकजाँच हुन्छन् र प्रायः भीडभाड नै हुने भएकाले यी चेकजाँचमा पनि धेरै नै समय लाग्दछ । टिकटमा तोकिएको तौल सीमाभन्दा बढी र जहाजमा बर्जित सामानहरू जस्तैः लाइटर, चक्कु, झोल कुरा, क्रिम, अल्कोहलजन्य पदार्थ, लागुऔषध तथा लेभल नलागेका शंकास्पद खाद्यसामग्री लैजानु हुँदैन ।

प्रतिबन्धित सामग्री भेटिएमा जेल सजायसमेत हुनसक्छ । एयरलाइन्सले टिकट, पासपोर्ट, भिसा सबै चेक गरेपछि बोर्डिङ पास दिन्छ र सामान तथा हाते व्यागका लागिसमेत टयाग दिन्छ । यी टयागहरूलाई सुरक्षित राख्नुपर्दछ, सामान हराएमा यही टयाग देखाएर क्षतिपूर्ति लिन सकिन्छ । सबै कागजातहरू हाते ब्यागमा या हातैमा राख्नुपर्छ र जहाँ-जहाँ मागिन्छ तुरून्तै देखाउनुपर्दछ ।

कुनै पनि कागजातहरू केरमेट गरिएको हुनुहुँदैन । अरबी या अंग्रेजीबाहेकका विदेशी भाषाका डकुमेन्टहरू पहिल्यै अंग्रेजीमा (मान्यताप्राप्त अनुवादकबाट) अनुवाद गराइएको हुनुपर्दछ । विमानस्थलमा जाँदा र उत्रिँदा, अलमल नगरी, शिष्ट र सभ्य बनी लाइनमा उभिनुपर्छ र जाँचकी तथा सुरक्षाकर्मीले सोधेका प्रश्नहरूको स्पष्ट जवाफ दिँदै मागेका कागजात देखाउनुपर्दछ । अन्तिममा अध्यागमनका कर्मचारीले पासपोर्टमा ‘डिपार्चर स्टयाम्प (छाप)’ लगाइदिन्छन् र यही नै विदेश उडेको रेकर्ड पनि हुन जान्छ । यो छाप लागे नलागेको निर्क्योल गर्नुपर्छ ।

गन्तव्यमुलुकको विमानस्थलमा उत्रिएपछि त्यहाँको अध्यागमनको प्रक्रियाहरू पूरा गर्नुपर्दछ । रोजगारदाता कम्पनीको नाम, ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बरहरू मोबाइल नम्बरसमेत अनिवार्य लिनुपर्दछ । त्यहाँको नेपाली दूतावास साथै एनआरएनएजस्ता सहयोगी संस्थाका सम्पर्क नम्बर पनि लिएर जाँदा राम्रो हुन्छ ।

## पाठक मञ्च

### नेताको भ्रष्ट प्रवृत्तिविरूद्ध खबरदारी गरौं

प्रधानमन्त्रीमा पटक-पटक एउटै व्यक्ति तर के भयो उपलब्धि ? अहिले जनमानसमा यसबारे व्यापक चर्चा चलेको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पाँचपटक प्रधानमन्त्री बने । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल तीन-तीन पटक प्रधानमन्त्री भए ।

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, डा. बाबुराम भट्टराईले पनि प्रधानमन्त्रीको पद सम्हाले । विडम्बना के भने जोसुकै पदमा आए पनि देश र जनताको अवस्था उही छ । नेपालका नेताहरू कतिसम्म ‘निकम्मा’ छन् ? भन्ने हेर्न केही वर्ष पछाडि फर्किनुपर्छ ।

२०७० सालमा निर्वाचन गराउन नसकेपछि पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन गरियो । मन्त्रीहरू पनि कर्मचारी नै भए । विश्वमा पनि यस्तो घटना भएको छैन होला । पूर्वप्रधानन्यायाधीश प्रधानमन्त्री, रिटायर्ड सचिव, सहसचिवहरू मन्त्री । राजनीतिक दलहरू त्यतिबेलै ‘फेल’ भइसकेका थिए ।

तर, त्यो कुरा जनताले बुझेनन् । रेग्मीले २०७० सालमा निर्वाचन गराएपछि सरकार छोडे, राजनीतिक दललाई नै सरकारको हस्तान्तरण गरे । उक्त निर्वाचनबाट निर्वाचित भएर आएका जनप्रतिनिधिले नेपालको संविधान बनाए । २०७२ असोज ३ गते संविधान जारी भयो । २०७२ सालको संविधान खारेज गर्नुपर्ने माग जनताको छ । संविधानले देशलाई तीन तहमा बाँडेको छ । संघीयताको नाममा खर्च बढाइएको छ । तर, त्यसले खर्च बढाउनुबाहेक केही हासिल हुन सकेको छैन । पञ्चायती व्यवस्थाले देशमा विकास गर्न सकेन, विदेशी हस्तक्षेप बढ्यो, खर्च बढ्यो भनेर आन्दोलन गरे । २०४६ सालमा राजनीतिक परिवर्तन भयो ।

पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आयो । २०४६ सालपछि प्रधानमन्त्री बन्ने नेताहरू धेरै छन् । स्वर्गीय नेता कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, सुशील कोइरालालगायत प्रधानमन्त्री भए । पञ्चायती व्यवस्था ढाल्न मुलुकमा भएको आन्दोलनको नेतृत्वकर्ता यिनै हुन् ।

देशमा अहिले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था छ । तर जे सोचेर यो व्यवस्था ल्याइयो, त्यो पूरा हुन सकेन । छिमेकीको हस्तक्षेप व्यापक बढेको छ । यहाँ केही निर्णय गर्न खोज्यो भने छिमेकीलाई बढी चासो हुन्छ । हस्तक्षेप गर्न आइहाल्छन् । हिजो जे-जे मुद्दा उठाएर देशमा आन्दोलन भयो, के त्यो पूरा भयो ?

खर्च झनै बढेको छ । जनताले पहिले एउटा राजा पाल्थे, अहिले त हजारौं राजा भए । विदेशी हस्तक्षेप घट्नुको साटो झन् बढ्दै गएको छ । राजनीतिक दलहरू देश र जनताका लागि होइन, आफ्नो व्यक्तिगत स्वार्थका लागि आएका हुन् भन्ने पुष्टि नै भइसकेको छ । पार्टी खोल्ने अनि पालैपालो पदमा जाने ।

वर्षौंदेखि यही क्रम चलिरहेको छ । टुक्रे पार्टी बनाउने अनि सरकारमा जान बार्गेनिङ गर्ने । व्यक्तिगत फाइदा लिने । मुलुकमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आयो तर के परिवर्तन भयो ? नेताहरूले जनतालाई के दिन सके ? वैदेशिक रोजगारी ? जति पनि विकास भएको छ, २०४६ साल अगाडि नै भएको हो । राजमार्गहरू पञ्चायती व्यवस्था हुँदा नै खुलेको हो । अहिलेकाले त बनाउन होइन, बेच्न जानेका छन् । सरकारी सम्पत्ति बेचेर खाइहाले । जनताले २०४६ सालपछि के-के विकास भयो ? भनेर नेतालाई सोधे भने उनीहरूले जवाफ दिन सक्दैनन् । देशमा यो व्यवस्था ल्याउन जनताले धेरै संघर्ष गरेका छन् ।

जनताका छोराछोरी सहिद बनेका छन् । कतिपय टुहुरा भएका छन् । राजनीतिक दललाई के छ ? कोही गुमाउनुको पीडा थाहा छैन । नेता भनेका छन्, हावा भाषण ठोकेका छन् । जनतालाई भ्रममा पार्ने, आफू खाइरहने, यो खेल चलिरहेको छ । यहाँ जसले जे गर्छ, आफ्नो व्यक्तिगत स्वार्थका लागि गर्छ ।

पदका लागि नेताहरूले कतिसम्म गर्छन् ? यसको उदाहरण कांग्रेसका सभापति देउवालाई लिए हुन्छ । गिरिजाप्रसाद कोइरालाले सभापति नछोडेपछि प्रधानमन्त्री खानका लागि देउवाले पार्टी नै फुटाए । २०५४ सालमा एमाले फुटेर माले बन्यो । अहिले पनि एमाले फुटि नै रहेको छ । केपी एकातिर, माधव अर्कोतिर । माओवादी त टुक्राटुक्रा भइहाल्यो । पद नपाएपछि पार्टी नै फुटाएर हिँड्नेहरूले देशका लागि विनास्वार्थ काम गर्छन् ? कांग्रेसका महामन्त्री गगन थापा सधैं ठूला नेताको भ्रष्टाचारको फाइल खोल्ने भाषण राख्छन् । उनले भ्रष्टाचार गरेको फाइलचाहिँ किन नखोल्ने ? गगनको सवालमा मात्रै होइन, प्रायः नेताहरूको प्रवृत्ति यस्तै छ । यसमा जनताले सशक्त खबरदारी गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

- चक्र राई, धनकुटा

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**बालबालिकाको लठ्ठी नाच** | दाङको तुलसीपुरमा शनिबारदेखि सुरू भएको वडास्तरीय फुटबल प्रतियोगिताको उद्घाटनसत्रमा तुलसीपुर–६ स्थित गोरखा सेकेन्डरी स्कुलका विद्यार्थीहरूले देखाएको लठ्ठीनाच ।
*तस्बिरः दीपक बोहरा/रासस*

# कर्णालीका ५० स्थानीय तहलाई ८० प्रतिशत अनुदान

**सुर्खेत (प्रस)–** कर्णालीका अधिकांश स्थानीय तहले संघीय सरकारबाट ८० प्रतिशतसम्म समपूरक अनुदान रकम पाउने भएका छन् । सरकारले समपूरक अनुदानसम्बन्धी कार्यविधि २०८१ मा अनुदान दिने सीमा निर्धारण गरेपछि स्थानीय तहले ८० प्रतिशतसम्म पाउने भएका हुन् ।

नयाँ कार्यविधिअनुसार गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कूल लागत अनुमान एक करोड रूपैयाँदेखि सात करोड रूपैयाँसम्म, उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कूल लागत अनुमान तीन करोडदेखि १५ करोड रूपैयाँसम्म तथा प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको कूल लागत अनुमान १० करोडदेखि ३० करोड रूपैयाँसम्म समपूरक अनुदान पाउने राष्ट्रिय योजना आयोगका सहसचिव यज्ञराज कोइरालाले जानकारी दिए ।

त्यस्तै, कार्यविधिअनुसार आर्थिक, सामाजिक, पूर्वाधार अवस्था र राजस्व क्षमताअनुसार कर्णाली प्रदेश सरकारलाई संघीय सरकारले ७० प्रतिशत अधिकतम अनुदान र प्रदेश सरकारले विनियोजन गर्ने ३० प्रतिशत रहेको छ । सरकारले भौतिक पूर्वाधार विकासका विभिन्न क्लस्टर र सीमा तोकेर स्थानीय तथा प्रदेश सरकारलाई समपूरक अनुदान दिने गरेको छ । संशोधन गरिएको कार्यविधिअनुसार अब कर्णालीका ५० वटा स्थानीय तहले ८० प्रतिशतसम्म समपूरक अनुदान पाउने सहसचिव कोइरालाले बताए ।

कार्यविधिअनुसार 'क' वर्गमा पर्नेले सबैभन्दा धेरै र 'च' वर्गमा पर्नेले सबैभन्दा कम अनुदान पाउने छन् । कर्णालीका १६ पालिका 'ख' वर्गमा तथा १६ पालिका 'ग' वर्गमा परेका छन् । वर्गीकरणअनुसार 'च' वर्गमा वर्गीकरण भएका स्थानीय तहले २० प्रतिशत, 'ङ' वर्गका स्थानीय तहले ४० प्रतिशत, 'घ' वर्गअन्तर्गतका स्थानीय तहले ५० प्रतिशत, 'ग' वर्गअन्तर्गतका स्थानीय तहले ६० प्रतिशत, 'घ' वर्गअन्तर्गतका स्थानीय तहले ७० प्रतिशत र 'क' वर्गअन्तर्गतका स्थानीय तहले ८० प्रतिशत समपूरक अनुदान प्राप्त गर्ने छन् । राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ मा संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमको प्रस्ताव माग गरेको छ ।

योजना आयोगका अनुसार कार्यविधि संशोधन भएर कार्यान्वयनमा आएसँगै अनुदानका लागि प्रस्ताव माग गरिएको हो । समपूरक अनुदानमा संघले ५० प्रतिशत योगदान गर्ने र बाँकी ५० प्रतिशत सम्बन्धित प्रदेश तथा स्थानीय तहले व्यहोर्ने यसअघिको व्यवस्था संशोधन गरी २० देखि ८० प्रतिशतसम्म व्यहोर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्थाअनुसार आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमको माग गरिएको हो । समपूरक अनुदान पाउनका लागि ११ प्रमुख क्षेत्र निर्धारण गरिएको छ । विशेष अनुदानका लागि छ शीर्षक निर्धारण गरिएको छ । आयोजना तथा कार्यक्रमको अवधि तीन वर्ष रहेको सहसचिव कोइरालाले जानकारी दिए ।

# वडाध्यक्ष पोखरेलको लोभलाग्दो कृषि कर्म



**■ सुशीला रेग्मी**

**रामपुर (पाल्पा)–** स्थानीय तहमा वडाका दैनिक कामकाजमा वडाध्यक्षको व्यस्तता बढ्दो छ । पालिकाका प्रमुख, उपप्रमुखभन्दा वडाध्यक्षलाई वडाभित्रका काममा भ्याइनभ्याई नै हुन्छ । वडाको व्यस्त जिम्मेवारीले घरायसी कामकाज, कृषि व्यवसायमा वडाध्यक्षले समय व्यवस्थापन गर्न गाह्रो हुन्छ । तर पाल्पाको रामपुर नगरपालिका-५ का वडाध्यक्ष दुर्गाप्रसाद पोखरेलले भने समय व्यवस्थापन गर्दै लोभलाग्दो कृषि व्यवसाय गर्दै आएका छन् ।

वडाध्यक्ष पोखरेलले भने, 'वडाका काममा मात्र नभई कृषि व्यवसाय, सामाजिक कार्यलाई उत्तिकै सक्रियताका साथ गर्दै आएको छु ।' व्यस्त समयका बाबजुद पनि उनको कृषि कार्यप्रतिको लगाव र मिहेनत लोभलाग्दो छ । उनी वडाको जिम्मेवारी कुशलतापूर्वक निभाउँदै कृषि कार्यमा तल्लीन हुन्छन् । वडाध्यक्ष पोखरेल वडाका कामबाहेकको समय घरमा कृषि कर्म गर्नमै खटिन्छन् । 'वडा तहबाट गर्ने काम सकिएपछि साँझ बिहानको समयमा तरकारी, अन्नबाली लगाउने, गोडमेल गर्ने, भैंसीको हेरचाह गर्नेलगायत काममा समय बिताउँछु,' उनले भने, 'यसरी काम गर्दा समय बितेको पत्तो हुँदैन ।'

रामपुर-५ मटेरीमा वडाध्यक्ष पोखरेलले कृषि कर्म गरेर आफ्नो जग्गा हरियाली बनाएका छन् । करिब १५ रोपनी जग्गामा तरकारी, अन्नबाली उत्पादन गरी उनले बिक्री गर्दै आएका छन् । हाल साढे पाँच रोपनी जग्गामा तरकारी खेती गरिएको छ । त्यसमध्ये साढे तीन रोपनीमा काउली, बन्दा, मुला, धनियाँ, साग छन् भने दुई रोपनीमा आलु खेती गरेको वडाध्यक्ष पोखरेलले जानकारी दिए ।

काउली र बन्दागोभी बिक्री भइरहेको छ । उनी अब काँक्रो, भिण्डी, करेला, लौका, खुर्सानी, सिमीलगायत लहरेबाली जातका तरकारी लगाउने तयारीमा हुन्छन् । त्यसका लागि कार्यालय समय सकिएपछि सो कर्ममा खटिने गरेको वडाध्यक्ष पोखरेलले बताए । उनले करिब एक दशकदेखि तरकारी खेती गर्न थालेका हुन् ।

पहिला घरमा सिजनका तरकारी लगाउँथे भने विगत पाँच वर्षदेखि यहाँको बजार बढ्दै जान थालेपछि व्यावसायिक हिसाबले उत्पादनमा जोड दिए । तरकारी, अन्नबाली, भैंसीपालनबाट वार्षिकरूपमा सरदरमा सात रूपैयाँदेखि आठ लाख रूपैयाँ आम्दानी हुने गरेको उनले जानकारी दिए ।

'तरकारी खेतीमात्र नभई धान, मकै, गहुँ, तोरीजस्ता अन्नबाली लगाउने, भैंसीपालनलाई जोड दिएको छु, सबै क्षेत्रबाट आम्दानी भइरहेको छ, वडाको काम सकिएपछि घरको काममा समय खर्चेको छु, फुर्सदको समय छैन, वडाका विभिन्न काम तथा योजनामा कहिलेकाही विवाद पनि हुन्छन्, सबैलाई मिलाएर काम गरिरहेको छु, घरको आयआर्जनका लागि कृषि पेसालाई निरन्तरता दिनुपर्‍यो,' वडाध्यक्ष पोखरेलले भने ।

दैनिक बिहान ४ बजे उठेर पशुको आहार व्यवस्थापन, तरकारीको रेखदेख, सिँचाइजस्ता काम सकेर कार्यालय तथा सामाजिक काममा निस्कन्छन् । यसरी निरन्तररूपमा उनको दैनिकी बितिरहेको छ । कार्यालय बिदा तथा शनिबारको दिन समय मिलाएर तरकारी लगाउने, थाक्रा दिने, खेतबारी खनजोतजस्ता कार्यमा उनलाई भ्याइनभ्याई हुन्छ । वडाध्यक्ष पोखरेल भन्छन्, 'दैनिक कार्यतालिका बनाएर भोलिपल्ट गर्ने काम अघिल्लो दिन नै तय गरेको हुन्छु, समय अनावश्यक ठाउँमा बिताएको छैन, बिहान सबेरै उठ्ने आफ्नो घरको काम सक्ने अनि वडा तथा सामाजिक कार्यमा निस्कने गरेको छु ।'

वडाध्यक्ष पोखरेललाई यस व्यवसायमा श्रीमती भगवतीले साथ दिँदै आएकी छन् । वडा तथा सामाजिक कार्यमा व्यस्त रहँदा खेतीबाली, पशुको रेखदेख, संरक्षण भगवतीले सम्हाल्छिन् । सिँचाइका लागि निजी इनार निर्माण गरी व्यवस्थापन भइरहेको छ । स्थानीय बजारमा नै तरकारी खपत हुँदा बिक्रीका लागि झण्झट छैन । उनले कृषिबाटै दुई छोराछोरीलाई काठमाडौंमा राखेर उच्च शिक्षा दिलाएका छन् । आफूले कृषि कर्म गरेर दुःखसँग पढाएको छोरा सरकारी सेवामा कार्यरत भएको देख्न पाउँदा उनलाई कृषि पेसाप्रति झन् मोह बढेको छ ।

नगरकै केन्द्र भाग, बजार क्षेत्र, सरकारी तथा सामुदायिक संघ संस्था, बैंक तथा वित्तीय कार्यालय, ठूलो जनघनत्व यही वडामै छ । रामपूरका १० वटा वडामध्ये धेरै जनसंख्या बसोबास गर्ने, बजार क्षेत्र रहेकाले वडाका काम सम्हाल्न अन्यत्र वडामा जस्तो सहज छैन । सानैदेखि कृषि पेसामा आबद्ध वडाध्यक्ष पोखरेलको यो कार्य उदाहरणीय बनेको छ । *रासस*

# चार महिनादेखि त्रिपालमुनि खानीखोलाका घरपरिवार

**■ प्रभाव संवाददाता**

धुलिखेल- काभ्रेपलाञ्चोकको विकट डाँडापारिस्थित खानीखोला गाउँपालिका-६ चनौटे नयाँबस्तीका प्रकाश सिङ्तान चार महिनादेखि त्रिपालमुनि बस्दै आएका छन् । बागमती खोलामा गएको बाढीले घरखेत बगाएपछि विस्थापित उनी बगरमा परिणत भएको घरखेत हेरेर बस्न बाध्य हुन्छन् ।

प्रकाशसँगै त्यहाँका सात घर परिवार लुइचेपाखामा त्रिपालको सहारामा बस्दै आएका छन् । गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण बागमती खोलामा गएको बाढीले भएको घरखेत सबै बगाएपछि उनीहरू विचल्लीमा परेका हुन् । भएको सबै सम्पत्ति बगाएपछि सिङ्तान परिवार गाउँपालिका र सहयोग संस्थाले दिएको खाद्यान्न र लत्ताकपडाको सहायतामा गुजारा चलाइरहेका छन् । अन्यत्र एक टुक्रा पनि आफ्नो जमिन नभएपछि अब सरकारले अन्त व्यवस्थापन नगरिदिएसम्म त्यही बस्ने सिङ्तानले बताए ।

त्रिपालले बेरेको बासस्थान अगाडि ढुंगा गाडेर बनाएको ओदानमा छोरीलाई नुहाउन पानी तताइरहेकी अर्की सुकुमाया सिङ्तानको पीडा पनि कम छैन । भएको सबै अन्नपात र घर खेत बगाएपछि सोही टहराको सहारामा दिनहरू बिताइरहनुभएका उनले बाढीपहिरोबाट आफूहरू विस्थापित भएपछि निर्धक्क रूपमा बस्न र खाना लाउन समस्या भएको बताइन् ।

बाढीले बगाएर घरबारविहीन भएपछि त्यहाँका बस्ती नै विस्थापित भएको छ । गाउँपालिकाले दिएको त्रिपाल खाद्यान्न र ओढ्नका लागि कम्बललगायतको सामग्री उपलब्ध गराएपछि त्यसैको साहरामा दिन बिताउँदै आएको उनीहरूको भनाइ छ । पहिला घर भएको ठाउँमा अहिले बागमती खोला बगिरहेको छ । सो ठाउँका प्रकाश सिङ्तानलगायत भक्तबहादुर सिङ्तान, बुद्धबहादुर, देवराज, साजन र विक्रम सिङ्तानका परिवार त्यही खोलाको मुस्लो पसेको चनौटे बस्ती हेर्दै खुल्ला आकाशमुनि त्रिपालको बासमा आश्रय लिइरहेका छन् ।

बर्खामा बाढी आएर बगाउँला कि भन्ने पीर, अब हिउँद लागेपछि हावाहुरीले उडाउने पो हो कि भन्ने पीरले सताउन थालेको उनीहरूले बताए । गाउँपालिका अध्यक्ष इन्द्रबहादुर थिङले विस्थापित परिवारको अन्य ठाउँमा एक टुक्रा पनि जमिन नभएको कारण जग्गाजमिनको व्यवस्थापन गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिरहेको बताए ।

'अहिलेको अवस्थामा सरकारले घर बनाउन बजेट दिएपछि उनीहरूसँग एक टुक्रा पनि आफ्नो भन्ने जमिन छैन,' अध्यक्ष थिङले भने, 'जिल्ला प्रशासन र सहरी विकास तथा भवन विभागबाट जग्गाको व्यवस्थापन कस्तो छ भनेर पत्र आएपछि हामीले सामुदायिक वन क्षेत्रभित्र पर्ने तर रूख बिरूवा केही नभएको खाली जग्गा विकल्पमा हुनसक्छ भनेर सुझाव लेखेर पठाएका छौं ।'


**साउदीमा रोजगार** कम्पनी : WISSAM AL ARABIA FOR MAINTANANCE FOR CLEANING

पूर्व स्वीकृति मिति : २०८१/१०/१५ | LT. No. 317829 | चलानी नं. ६०२३२२०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २७ गते (10th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ISHAN OVERSEAS **Ishan Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ५३२/२०६१/०६२

Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com


# उदिपुर पहिरो रोकथाम अन्तिम चरणमा

**लमजुङ (प्रस)–** यहाँ उदिपुर देउरालीडाँडा पहिरो रोकथाम अन्तिम चरणमा पुगेको छ । डुम्रे-बैंसीसहर सडक खण्डअन्तर्गत लमजुङ बैंसीसहर नगरपालिका-१ उदिपुरमा पहिरो रोकथामका लागि निर्माण अझै २५ प्रतिशत बाँकी रहेको डुम्रे-बैंसीसीहर-चामे सडक योजना कार्यालयले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार हालसम्म टेवा, पर्खाल, ग्याबिन जाली लगाइएको र मर्स्याङ्दी नदीमा 'माइक्रो पाइल' निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यतिबेला पहिरो रोकथामका लागि मर्स्याङ्दी नदी किनारमा काम भइरहेको उनको भनाइ छ । ४५ मिटर उचाइ र ८० मिटर लम्बाइको ग्याबिन जाली लगाइएको छ । त्यस्तै, अब ३०० मिटर सडक कालोपत्र र सडकमाथि ८० मिटर उचाइ, ७० मिटर लम्बाइको पहिरो 'नेलिङ' गर्ने काम र नाली निर्माण गर्न बाँकी रहेको सो कार्यालयका सूचना अधिकारी विष्टको भनाइ छ । कार्यालयका अनुसार संघीय सरकारको ११ करोड १९ लाख रूपैयाँ बजेटमा फेवा कन्स्ट्रक्सन प्राइभेट लिमिटेड कास्कीले उक्त योजना ठेक्का लिएको छ ।

यस कम्पनीले २०७९ चैत १० गते सम्झौता तथा चैत १७ गतेदेखि काम थालेको योजना २०८१ पुस महिना पुस २९ गतेसम्ममा सम्पन्न गर्ने सम्झौता म्याद रहेको थियो । सो निर्धारित समयमा काम सम्पन्न नभएपछि पुनः म्याद थप गर्दै आगामी असोज महिनासम्म थप गरिएको सो कार्यालय सूचना अधिकारी विष्टले बताए ।

सो पहिरोमाथि रहेको स्थानीय सडक भासिएर ढुंगा, माटो, गेगराङ झरेर काम गर्न समस्यालगायत विविध कारणले गर्दा निर्माण कार्य लम्बिरहेको उनको भनाइ छ । उनले भने, सडक तल मर्स्याङ्दी नदीमा पानीको वहाव बढी भएर पर्खाल लगाउन र सो स्थानमा पहिरो खस्ने गरेकाले नाली निर्माण, कालोपत्रे गर्ने कार्यमा समस्या हुँदा समयमा काम सम्पन्न नभएको हो ।

यस स्थानमा २०७८ असार १ गते र २०७९ साउन ११ गते गएको पहिरोले सडक बगाएको थियो । सडक बगाएपछि लामो समयसम्म वैकल्पिकरूपमा नेपाली सेनाको ब्यारेक, रिट्ठेबगर हुँदै उदिपुर बजार जोडिने ट्र्याक खोलेर सवारी सञ्चालन भएको थियो । बयालीस किलोमिटर लामो यस सडकको ठूलो पहिरोको रूपमा उदिपुर रहेको छ । यो सडक हुँदै बैंसीसहरबाट डुम्रे तनहुँ, काठमाडौं, पोखरा, चितवन र बैंसीसहर साथै हिमाली जिल्ला मनाङ जाने यात्रु यात्रा गर्ने गर्दछन् । छिमेकी जिल्ला तनहुँको डुम्रे बजारबाट वि.सं. २०२९ मा खन्न सुरु गरिएको यो सडक बैंसीसहरसम्म ४२ किलोमिटरसम्म जोड्न १५ वर्ष लागेको थियो । विसं २०४६ मा ट्र्याक खुलेसँगै विसं २०५२ देखि सिंगल लेनको कालोपत्र थालिएको थियो । चार वर्षमा ४२ किलोमिटर सडक कालोपत्र भएको थियो ।

त्यसयता सडक स्तरोन्नति र मर्मत हुनुको सट्टा बर्सेनि जाने पहिरोले सडक अवरुद्ध हुँदा यात्रुले हैरानी भोग्दै आएका थिए । सो स्थानमा गएको पहिरोको रोकथामकार्य अझै सम्पन्न नहुँदा यात्रु सो स्थानमा आवतजागत गर्दा माथिबाट पहिरो खस्छ कि भन्ने डर, पहिरो हेर्दै हिँड्नुपर्ने होकि दुर्घटना हुन्छ कि भन्ने डरमा यात्रा गर्ने गरेको यात्रुको भनाइ छ । विषेशगरी वर्खायाममा यस सडक निकै जोखिम बन्दै आएको छ ।


WORLDLINK COMMUNICATIONS LTD.

**Request for Sealed Financial Proposal to Purchase Scrap Materials**

**Date of first Publication : Magh 20, 2081 (2nd February, 2025)**

WorldLink Communications Limited has scrap materials in its storage yard located in different locations all over Nepal. Eligible parties interested to purchase the scrap materials on "As it is. Where it is" basis are requested to submit their sealed financial proposal.

1) Interested parties should inspect the scrap materials at their own cost.
2) A detail list of the items of scrap of various items shall be provided to the bidders who shall be allowed to inspect the same at site.
3) Interested parties to bear all the expenses like loading/unloading, transportation and any applicable government taxes and duty as applicable.
4) Interested parties should submit sealed financial proposal along with valid company registration documents to the following address within 10 days after material inspection date.
5) The bid should be submitted in the prescribed Bid form at World Link Communications Ltd.
6) Please contact the following office for detail information or any inquiry.

**WorldLink Communications Limited**
**Jawalakhel, Lalitpur, Nepal.**
Contact No.: 9801800582
Email Address: procurement@worldlink.com.np

# प्रभाव दैनिक

आइतबार, २० माघ २०८१ (Sunday, February 02, 2025)


रूपशाला

**विपिनको डेब्यु एक्सन 'कर्मा' चैत २९ मै आउने**

सौरभ चौधरीको निर्देशनमा निर्माण भइरहेको फिल्म 'कर्मा'को पहिलो चरणको छायांकन सम्पन्न भएको छ । मंसिर अन्तिम साताबाट सुरू भएको छायांकनको पहिलो चरण दाङ र आसपासका विभिन्न स्थानमा करिब ४६ दिन लगाएर पुरा गरिएको छ । बाँकी छायांकन काठमाडौंमा हुनेछ । दुई सातामा छायांकन सकिनेछ । छायांकन चरणमै सम्पादन र भीएफएक्सको काम समेत भइरहेको छ ।



## जोय मोडल हन्टका प्रतियोगी



**काठमाडौं (प्रस)**– 'जोय मोडल हन्ट नेपाल २०२५'का प्रतियोगीको सहविधामा प्रतिस्पर्धा चलिरहेकोछ । बुधबार प्रतियोगीताका ३३ महिला प्रतियोगीले द बिच हाउस उतरढोकामा स्विमवेयर राउण्डमा आफ्नो सौन्दर्य क्षमता प्रस्तुत गरे ।

बिहिबार भने १७ पुरुष प्रतियोगीले आफ्नो फिटेस क्षमता प्रस्तुत गरेका छन् । रीगल फिटनेस टेकुमा आयोजित राउण्डमा जज रोजल शाही फिटनेस उद्यामी, विजयतम रत्न बज्राचार्य (सेलिब्रेटी ट्रेनर) र रोजी शाही (फिटनेस कोच) रहेका थिए ।

नेपालकै बृहत् र स्तरीय मानिएको प्रतियोगिता मोडल हन्ट नेपाल सिजन ९ अर्थात 'जोय मोडल हन्ट नेपाल २०२५'को फाइनलमा ५० मोडल प्रतियोगी छन् । जसमा ३३ फिमेल रहेका छन् भने १७ मेल रहेका छन् ।

प्रतियोगीताको आगामी शनिबार टप मोडल राउण्ड आयोजना हुने नेक्स्ट मोडल्स नेपालकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् । प्रतियोगीताको फाइनल फेब्रुअरी ८मा आयोजना हुँदैछ ।


## महाकुम्भकी भाइरल मोनालिसाको पारिश्रमिक २१ लाख

■ प्रभाव संवाददाता

**मुम्बई**– भारतको प्रयागराजमा जारी महाकुम्भ २०२५ यतिबेला निकै चर्चामा रहेको छ । महाकुम्भका धेरै भिडियो र रिल्सहरू भाइरल भइरहेका छन् । पछिल्लो समय एक युवती आफ्नो आँखाका कारण निकै चर्चामा छिन्, यी युवतीको नाम हो- मोनालिसा ।

'ब्राउन आइड' मोनालिसाको भाग्य अब फेरिएको छ, किनभने उनी अब अभिनेत्री बन्न लागेकी छिन् । हो, मोनालिसा चाँडै नै बलिउड फिल्ममा देखिदै छिन् । उनको फिल्मको नाम 'डायरी अफ मणिपुर' हो । अहिले यो फिल्मबाट मोनालिसाले पनि राम्रो पारिश्रमिक लिएकी छिन् ।

एनडीटीभीका अनुसार मोनालिसाले फिल्म 'डायरी अफ मणिपुर' का लागि २१ लाख भारु पारिश्रमिक लिएकी छिन् । त्यसमध्ये उनलाई १ लाख रूपैयाँ हस्ताक्षर रकम दिइएको छ । आफ्नो जादुमयी



आँखा र मनमोहक मुस्कानका कारण महाकुम्भमा भाइरल भएकी मोनालिसा अहिले आफ्नो घर अर्थात् मध्य प्रदेशको महेश्वर फर्किएकी छिन् ।

उनी पूरै महाकुंभको समयमा प्रयागराजमा बसेर रुद्राक्ष माला बेच्ने गर्थिन् तर १५ दिनभित्रै महाकुम्भ छाड्नु परेको थियो किनभने भाइरल भएका कारण उनले न माला बेच्ने काम राम्ररी गर्न सकेकी थिइन्, न आरामको सास नै फेर्न सकेकी थिइन् । क्यामेराहरू उनको पछिल्तिर घुम्न थाले, अहिले उनी आफ्नो घर फर्किसकेकी छिन् ।

निर्देशक सनोज मिश्रले मोनालिसाको गाउँ पुगेर आफ्नो फिल्म 'डायरी अफ मणिपुर'मा उनीसँग साइन गराएका छन् । यस फिल्ममा मोनालिसा मुख्य भूमिकामा देखिने छिन् । फिल्मको छायांकन अघि उनलाई मुम्बईमा अभिनयको तालिम पनि दिइनेछ ।

कुम्भमेलामा अचानक भाइरल भएपछि मोनालिसाको सुन्दरता र आकर्षक व्यक्तित्वले मेलामा आउने मानिसहरूको ध्यान तान्यो । त्यसपछि सनोज मिश्रले आफ्नो फिल्ममा मोनालिसालाई कास्ट गर्ने निर्णय गरेका हुन । निर्देशक सनोज मिश्र अहिले फिल्म 'डायरी अफ मणिपुर' को तयारीमा व्यस्त रहेका छन् ।

## डिसी र अमेरिकी दूतावासका भिसा प्रमुखबीच भेटवार्ता



■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसी र अमेरिकी दूतावास नेपालका भिसा प्रमुख ग्रेगोरी डी.सिम्किसबिच बोर्डको कार्यकक्षमा औपचारिक भेट तथा छलफल भएको छ ।

अमेरिकी दूतावासका काउन्सिलर टोली समेत उपस्थित उक्त बैठकमा नेपाली चलचित्रको वर्तमान अवस्था, नेपाल तथा अमेरिकामा आयोजना हुने चलचित्रका अवार्ड एवम् सम्मान समारोह तथा चलचित्रकर्मीहरूको अमेरिका भिसासम्बन्धी विषयमा छलफल गरिएको थियो ।

भिसा प्रमुख ग्रेगोरी डी.सिम्किसले नेपालमा भई आएको फिल्म अवार्डको छनोट प्रक्रिया, विश्वसनीयता र कलाकारहरूले प्राप्त गर्ने सिफारिस पत्रको आधिकारिकता माथि चासो राखेका थिए ।

बैठकमा अध्यक्ष डीसीले नेपाली चलचित्र उद्योगको अन्तर्राष्ट्रिय विस्तार तथा नेपाल अमेरिकाको सांस्कृतिक सम्बन्ध मजबुत पार्नका लागि नेपालका फिल्मकर्मीहरूले अमेरिकामा हुने फिल्म महोत्सव, कार्यशाला तथा अन्य सांस्कृतिक कार्यक्रममा सहभागी हुन सहजता पाउनुपर्ने एवं नेपालमा पनि ठुलो स्तरमा अमेरिकी र नेपाली चलचित्रको विशेष कार्यक्रम गरिनुपर्ने विषय उठान गरिएको थियो ।

भिसा प्रमुख ग्रेगोरी डी.सिम्किसले अमेरिकी दूतावास नेपाली फिल्मकर्मीहरूको भिसा प्रक्रियालाई सहजीकरण गर्न तथा सकारात्मक रहेको बताए ।

चलचित्र विकास बोर्डले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न विभिन्न पहल गर्दै आएको छ । सोही प्रयासको एक भागस्वरूप अध्यक्ष डीसीले अमेरिकासँगको सम्बन्धलाई अझ मजबुत बनाउन भिसा प्रक्रियामा थप सहजीकरण आवश्यक रहेकोमा जोड दिएका थिए ।

यो बैठकले नेपाली चलचित्रकर्मीहरूको अन्तर्राष्ट्रिय यात्रा सहज बनाउने दिशामा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# रंगशाला

**त्रिकोणात्मक महिला क्रिकेट**

## थाइल्याण्डद्वारा नेपाल पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं**– नानापाट कोन्चारोइन्काईको लगातार अर्धशतकसँगै थाइल्यान्डले त्रिकोणत्मक टी-२० आई शृंखलामा दोस्रो जित निकालेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार भएको खेलमा थाइल्यान्डले घरेलु टोलीलाई चार विकेटले पराजित गरेको हो । नेपालले दिएको १०२ रनको लक्ष्य थाइल्यान्डले अन्तिम ६ बलअघि ६ विकेट गुमाउँदै भेट्टायो । जितसँगै थाइल्यान्डले दुई खेलबाट चार अंक पुऱ्याएको छ ।

थाइल्यान्डले पहिलो खेलमा नेदरल्यान्ड्सलाई आठ विकेटले पराजित गरेको थियो । नेपाल भने अंकविहीन छ । नेपाल पहिलो खेलमा नेदरल्यान्ड्ससँग २० रनले पराजित भएको थियो । थाइल्यान्डलाई जित दिलाउन नानापाटले अविजित ६० रनको योगदान दिइन् । ५८ बल खेलेकी उनले ६ चौका प्रहार गरिन् । उनको यो लगातार दोस्रो अर्धशतक हो । नेदरल्यान्ड्ससँग शुक्रबार भएको पहिलो खेलमा पनि उनले ५८ बल खेल्दै ५ चौकासहित अविजित ५६ रन बनाएकी थिइन् । उनी नै प्लेयर अफ द म्याच घोषित भइन् ।

सुवानान खिएटोले १४ र कप्तान नारुइमोल चाइवाइले १३ रन बनाइन् । अन्यको प्रदर्शन भने राम्रो हुन सकेन । नेपालकी मनीषा उपाध्यायले सर्वाधिक दुई विकेट लिइन् ।

यसै खेलबाट अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेकी उनले चार ओभरमा १३ रन खर्चेकी थिइन् । कविता कुँवर, रुविना क्षेत्री बेलबासे र कविता जोशीको नाममा समान एक विकेट रह्यो । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १०१ रन बनाएको थियो ।

शीर्ष र मध्यक्रमका ब्याटर एकपटक पुनः फल्प हुँदा नेपालले ठूलो स्कोर बनाउन सकेन । ओपनरद्वय सम्झना खड्का र ममता चौधरी क्रमशः शून्य र दुई रनमा पभिलियन फर्किए ।

कप्तान इन्दु बर्मा १५, पूजा महतो ६ र रुविना क्षेत्री बेलबासे चार रनमा आउट भए । तर, विन्दु र कविताले छैटौं विकेटका लागि ४४ रनको साझेदारी गर्दै नेपालको इनिङ्स उकासे । १६.५ ओभरमा बोल्ड हुनुअघि विन्दुले २५ बलमा तीन चौकासहित २५ रन बनाइन् ।

लगत्तै अर्को ओभरमा कविता पनि २५ रनमै फन्निता मायाबाट बोल्ड भइन् । उनले ३२ बलमा दुई चौका प्रहार गरिन् । तर, त्यसपछि आएका तल्लोक्रमका ब्याटरले पनि दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

थाइल्यान्डका फन्निता, थिपाच्चा पुथावाङ र नटाया बुचथमले समान दुई विकेट लिए । चनिदा सुथिरुङको नाममा एक विकेट रह्यो ।

## महावीर क्लब विजयी

**काठमाडौं (प्रस)**– सोनु देवकोटाको अलराउन्ड प्रदर्शनसँगै महावीर क्लबले प्रधानमन्त्री कप पुरुष क्रिकेट काठमाडौं जिल्ला छनोटमा लगातार दोस्रो जित हात पारेको छ ।

शनिबार सम्पन्न खेलमा महावीरले थर्ड आइ युथ क्लबलाई ६८ रनले पराजित गरेको हो । अर्को खेलमा सम्पन्न खेलमा ओएसिसी क्रिकेट एकेडेमीले पुष्पलाल स्पोर्ट्स क्लबविरुद्ध ८३ रनको जित निकाल्यो ।

योसँगै समूह 'ए' को शीर्ष स्थानमा रहेको महावीरले चार अंक पुऱ्याएको छ । थर्ड आइ र ओएसिसीको समान खेलबाट दुई/ दुई अंक छ । महावीरले दिएको १६२ रनको लक्ष्य पछ्याएको थर्ड आइले २० ओभरमा आठ विकेट गुमाउँदै ९३ रन मात्रै बनाउन सक्यो ।

थर्ड आइका सुगम बानियाँले सर्वाधिक २३ रन बनाए पनि हार टार्न सकेनन् । यस्तै, समाज पौडेलले १४ र कृष्ण थापाले १३ रनको योगदान दिए । महावीरलाई लगातार जित दिलाउन सोनु र यकेन्द्र बुढाऐरले समान दुई विकेट लिए । एक विकेट प्रतिश जिसीको नाममा रह्यो। यसअघि मुलपानी क्रिकेट मैदान (माथिल्लो) मा टस जितेर ब्याटिङ रोजेको महावीरले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १६१ रन बनाएको थियो । महावीरका सोनुले सर्वाधिक ३७ रन बनाए । मिलन थापाले ३४ र प्रतिश जिसीले अविजित २४ रन बनाउँदै टोलीलाई बलियो स्थितिमा पुऱ्याए ।

**अर्जुन ट्रफी राष्ट्रिय टी-२०**

## कुशलको अलराउन्ड प्रदर्शनमा फ्रेन्ड्स क्लब विजयी




■ प्रभाव संवाददाता

**काठमाडौं**– कुशल भुर्तेलको अलराउन्ड प्रदर्शनसँगै फ्रेन्ड्स युथ क्लब डडेलधुराले अर्जुन ट्रफी राष्ट्रिय टी-२० च्याम्पियनसिपमा विजयी सुरुआत गरेको छ ।

कैलालीको धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा शनिबार भएको खेलमा फ्रेन्ड्सले धनगढी क्रिकेट टिमलाई आठ विकेटले विजयी भएको हो । धनगढीले दिएको १३३ रनको लक्ष्य पछ्याएको फ्रेन्ड्सले १५.५ ओभरमा दुई विकेट गुमाउँदै १३६ रन बनायो ।

फ्रेन्ड्सलाई जित दिलाउन कुशलले अविजित ८७ रनको इनिङ्स खेले ५१ बल खेलेका उनले नौ चौका र पाँच छक्का प्रहार गरे । उनले बलिङमा दुई विकेटसमेत लिए । उनी नै खेलको म्यान अफ द म्याच घोषित भए । यस्तै, विनोद भण्डारी ४२ र अभिषेक बम दुई रनमा आउट हुँदा सन्दीप जोरा पाँच रनमा अविजित रहे । धनगढीका ललितनारायण राजवंशी र अमित श्रेष्ठले समान एक विकेट लिए ।

यसअघि टस हारेर पहिला ब्याटिङ थालेको धनगढीले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १३२ रन बनाएको थियो ।

धनगढीका अमितले सर्वाधिक ३२ रन बनाए । ३२ बल खेलेका उनले एक चौका प्रहार गरे । नीरज अयर २७, कप्तान नारायण जोशी १५, लोकेश बम १० र अभिषेक पाल १० रनमा आउट हुँदा अन्यको प्रदर्शन राम्रो हुन सकेन ।

फ्रेन्ड्सका राहुल लुनियाले सर्वाधिक तीन विकेट लिए । चार ओभर बलिङ गरेका उनले सात रन मात्रै खर्चिए । रवि विष्ट र कुशलको नाममा समान दुई विकेट रह्यो । हेमन्त धामीले एक विकेट लिए ।

# भारतको बजेटमा अर्थतन्त्र सुदृढीकरण र समावेशी विकासमा जोड




**नयाँदिल्ली–** भारतकी अर्थमन्त्री निर्मला सीतारमणले आर्थिक वृद्धिलाई गति दिन, समावेशी वृद्धि सुनिश्चित गर्न, उद्योगहरूलाई समर्थन गर्ने र घरेलु भावनालाई बढावा दिनका लागि मुख्य उपायहरूसहितको बजेट सन् २०२५-२६ प्रस्तुत गरेकी छन् । बजेटले भारतको बढ्दो मध्यम वर्गको खर्च गर्ने क्षमता बढाउनमा पनि जोड दिएको छ ।

उनले भनिन्, 'विगत एक दशकमा सरकारको विकास नीति र संरचनात्मक सुधारहरूले भारतलाई विश्वको सबैभन्दा द्रुत वृद्धि हुने प्रमुख अर्थतन्त्रको रूपमा स्थापित गरेको छ । यसले भारतको सम्भाव्यतामा विश्वव्यापी विश्वासलाई बलियो बनाएको छ, जसले आगामी पाँच वर्षलाई समग्र विकास हासिल गर्न महत्त्वपूर्ण बनाएको छ ।'

अर्थमन्त्रीले सबै क्षेत्रको सन्तुलित विकास गर्ने लक्ष्य राखेको सरकारको भिजनलाई प्रकाश पारिन् । 'प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, सरकारले भारतको पूर्णक्षमतालाई उजागर गर्ने र यसको विश्वव्यापी हैसियत बढाउने लक्ष्य राखेको छ,' उनले थपिन्, 'हाम्रो अर्थतन्त्र सबै प्रमुख विश्वव्यापी अर्थतन्त्रहरूमध्ये सबैभन्दा छिटो बढिरहेको छ । हाम्रो वृद्धि ट्र्याक रेकर्ड र विगत १० वर्षको संरचनात्मक सुधारहरूले विश्वव्यापी ध्यान आकर्षित गरेको छ । यो अवधिले भारतको क्षमता र क्षमतामा विश्वास बढाएको छ ।'

हामी आगामी पाँच वर्षलाई सबै क्षेत्रको सन्तुलित वृद्धिलाई उत्तेजित गर्दै 'सबका विकास'को अनुभूति गर्ने अनुपम अवसरका रूपमा हेर्छौं । *रासस⁄एएनआई*

# महाकुम्भ मेलाका ७७ देशका ११८ सदस्यीय प्रतिनिधिको भ्रमण

**प्रयागराज–** ७७ देशका नियोग प्रमुख र कूटनीतिज्ञसहित ११८ सदस्यीय प्रतिनिधिमण्डलले शनिबार प्रयागराजमा महाकुम्भको भ्रमण गर्ने छ । यसअघि परराष्ट्र मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले पत्रकार सम्मेलनमा बोल्दै विदेशी कूटनीतिज्ञले फेब्रुअरी १ मा हुने महाकुम्भ मेलाको भ्रमण गर्ने बताएका थिए । जैसवालले भने, 'हो, कूटनीतिज्ञहरू भोलि कुम्भमा जाँदै छन् ।'

यसैबीच, मौनी अमावस्याका अवसरमा चलिरहेको महाकुम्भमा भएको भागदौडको छानबिन गर्न गठित तीन सदस्यीय न्यायिक आयोगले शुक्रबार प्रयागराजस्थित स्वरूप रानी नेहरू अस्पतालको निरीक्षण गरेको छ । संगममा बुधबार बिहान भएको दुखद घटनामा कम्तीमा ३० जनाको मृत्यु र ६० जना घाइते भएका थिए ।

यस सम्बन्धमा जारी सूचनामा आयोगलाई भागदौडको कारण र परिस्थितिबारे अध्ययन गरी भविष्यमा यस्ता घटना हुन नदिन सुझाव दिने जिम्मा दिइएको छ । आयोग गठन भएको एक महिनाभित्र छानबिन प्रतिवेदन बुझाउनुपर्छ ।

उत्तर प्रदेश सूचना विभागका अनुसार महाकुम्भमा २९ करोड ६४ लाखभन्दा बढी भक्त पवित्र संगममा पवित्र स्नान गरेका छन् । महाकुम्भ मेला हिन्दू पौराणिक कथामा आधारित छ । यो विश्वको सबैभन्दा ठूलो सार्वजनिक जमघट हो । महाकुम्भ वेबसाइटकानुसार मण्डलीमा मुख्यतया तपस्वी, सन्त, साधु, साध्वी, कल्पवासी र जीवनका सबै क्षेत्रका तीर्थयात्रीहरू सामेल छन् ।

महाकुम्भ मेला सन् २०२५ जनवरी १३ देखि २६ फेब्रुअरीसम्म प्रयागराजमा आयोजना हुँदै छ । प्रत्येक १४४ वर्षपछि महाकुम्भ मेला आयोजना गरिन्छ । *रासस⁄एएनआई*

# दक्षिण कोरियामा डुंगा पल्टिँदा तीन जना बेपत्ता

**सियोल–** दक्षिण कोरियाको दक्षिणी रिसोर्ट टापु जेजुमा शनिबार दुईवटा डुंगा डुब्दा तीन जना बेपत्ता भएका छन् । योनहाप समाचार एजेन्सीका अनुसार हालसम्म चालक दलका १२ सदस्यलाई उद्धार गरिएको छ । स्थानीय समयअनुसार बिहान ९:२५ बजे चालक दलका सदस्यसहितको ३२ टन तथा २९ टन वजनको डुंगा टापु जेजुमा डुबेको हो ।

उद्धार गरिएकामध्ये एकलाई हृदयघात भएको अवस्थामा अस्पताल लगिएको र प्राथमिक उपचार गरिएको थियो । बाँकी तीन जना चालक दलका सदस्यहरूको खोजी तथा उद्धार कार्य जारी रहेको छ । *रासस⁄सिन्ह्वा*

# पाकिस्तानमा भएको आक्रमणमा १८ सैनिकको मृत्यु

**क्वेटा, पाकिस्तान–** पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा भएको आक्रमणमा १८ जना अर्धसैनिकको मृत्यु हुनुका साथै अन्य तीन जना गम्भीर घाइते भएका छन् ।

मंगोचर सहर नजिकै अर्धसैनिक बोकेको एउटा गाडीमा सशस्त्र आक्रमणकारीहरूले गोली चलाएको एक प्रहरी अधिकारीले एएफपीलाई बताए । आक्रमणको हालसम्म कसैले जिम्मेवारी लिएको छैन । अफगानिस्तान र इरानसँग सीमा जोडिएको बलुचिस्तानमा सुरक्षा बलहरूले दशकौंदेखि साम्प्रदायिक, जातीय र पृथकतावादी हिंसासँग लडिरहेका छन् । *रासस⁄एएफपी*

# बन्दुकधारीको आक्रमणमा सिरियामा १० गाउँलेको मृत्यु

**बेरुत, लेबनान–** सिरियामा बन्दुकधारीहरूले अलावाइट गाउँका १० जनालाई गोली हानी हत्या गरेको छ ।

सिरियन अब्जर्भेटरी फर हयुमन राइट्सले अलाविट सम्प्रदायका नागरिकहरू बसोबास गर्ने उत्तरी हामा ग्रामीण इलाकाको अलावाइट गाउँका १० नागरिक शुक्रबारको आक्रमणमा मारिएको बताएको छ । 'बन्दुकधारीहरूले भाग्नु अघि गाउँका मानिसहरूलाई गोली हाने ।' अब्जर्भेटरीका प्रमुख रामी अब्देल रहमानले बन्दुकधारीहरू सुन्नी मुस्लिमहरू रहेको थिए । सिरियाली अखबार अल-वतानले सुरक्षा बलहरूले हत्याको पछाडि अपराधीहरूलाई खोज्न अर्जाह क्षेत्रलाई घेरेको बताएको छ । यो आक्रमणमा मारिनेहरूमा पूर्वअफिसर र सिपाहीहरू थिए । *रासस⁄एएफपी*

**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**नेपाली सेना**

## श्री वीरेन्द्र अस्पताल

**छाउनी, काठमाडौं**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना नं. २०८१/०८२/११
(पहिलो पटक सूचना प्रकाशित मिति २०८१/१०/२० गते)

१. यस अस्पताललाई आ.व. २०८१/०८२ मा आवश्यक पर्ने देहायमा उल्लेखित सामाग्रीको e–GP–System को माध्यमबाट खरिद गर्नको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. **सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरणः-**

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रू. | सिलबन्दी दरभाउपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| 02/SQ/Goods/NA-BH/081/82 | Supply of Building Maintenance Material (Plumbing, Carpenter, Electrical, Bricklayer, Welding and Painting) | **46,000.00** | **1,000.00** | २०८१/११/०५ गतेको १२:०० बजे | २०८१/११/०५ गतेको १३:०० बजे |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला ।

**प्रदेश सरकार**
**कोशी प्रदेश**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## जिल्ला अस्पताल खोटाङ

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८१/१०/२०, आइतबार**

यस अस्पतालको लागि आ.ब. २०८१/०८२ अस्पतालमा आवश्यक पर्ने प्रयोगशालासँग सम्बन्धित केमिकल तथा रिएजेन्ट, एक्सरे फिल्म प्याकेज अनुसार प्रति इकाई दररेट लिई खरिद गर्नका लागि यो बोलपत्र आह्वान गरिएको छ । कार्यालयमा सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र व्यवसाय दर्ता प्रमाणपत्र एवं मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका आधिकारिक इच्छुक फर्म, कम्पनी वा सप्लायर्सले निम्न कागजातसहित प्रति प्याकेजको लागि रू ३०००। (अक्षरेपी रू तीन हजार) फिर्ता नहुने गरी कार्यालयको कोड ३७००२०८०११, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कलै भौचर पेश गरी यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ । कार्यालयमा सूचना दर्ता भएको मितिले ३१औं दिन दिनको ठिक १२ बजेभित्र बोलपत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । रितपूर्वक पर्न आएका बोलपत्र सोही दिन, दिनको २ बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । यस सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु बोलपत्रको शर्तहरु, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून् बमोजिम हुनेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०३६-४२०५७६, ९८५२८५०००५ मा बुझ्न तथा कार्यालय समयमा सम्पर्क गर्न हुन समेत सुचित गरिन्छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरूः-**

१. फर्म दर्ता प्रमाण पत्र तथा नविकरण, मु.अ.कर दर्ता प्रमाणपत्र ।
२. आ.ब. २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि वा म्याद थप प्रमाणपत्र ।
३. उत्पादक कम्पनी प्रमाण पत्रबाट जारी भएको आधिकारिक विक्रेता प्रमाणपत्र वा आधिकारीक एजेन्टको प्रमाण पत्रको प्रतिलिपि ।

**तपशिल**

| सि.नं | ठेक्का नं | कामको विवरण | बिडबण्ड बापतको प्रति प्याकेज रू. | बोलपत्र फाराम दस्तुर प्रति प्याकेज रू. |
|---|---|---|---|---|
| १ | DHK/XR-01/081-082 | एक्स-रे फिल्म CR/DR आपूर्ति गर्ने कार्य ८x१० र १०x१२ | ३५००० | ३००० |
| २ | DHK/LBD-02/081-082 | Diatron मेशिन संग सम्वन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | ९०००० | ३००० |
| ३ | DHK/LBY-03/081-082 | yhlo I Flash १८०० सम्बन्धित केमिकल तथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | ५८००० | ३००० |
| ४ | DHK/LBC-04/081-082 | प्रयोगशालाका विविध केमिकलतथा रिएजेन्ट आपूर्ति गर्ने कार्य | ५५००० | ३००० |
| ५ | DHK/LBMC-05/081-082 | Mythic &),Cormay & Creatium (Fullay Automated Na/K) सँग सम्वन्धित केमिकल तथा रिएजेन्ट आपुर्ति गर्ने कार्य | ६५००० | ३००० |

**जिल्ला अस्पताल खोटाङ**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६२८०० | प्रति तोला – ० | प्रति तोला – १९१५ |



**घाँसको जोहो |** रुकुम पूर्वको सिस्ने गाउँपालिका-५ का महिला नजिकैको जंगलबाट घाँस लिएर घर फर्कंदै । *तस्बिर सर्जना कार्की/रासस*

# ‘अर्थतन्त्र बलियो बनाउने आधार पर्यटन’

■ प्रभाव संवाददाता



**गुल्मी** – लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने प्रमुख आधारका रूपमा पर्यटन क्षेत्र रहेको बताएका छन् ।

जिल्लाको मदाने गाउँपालिका-६ स्थित कंके देउराली जलाशय र बृहत्तर खानेपानी आयोजनाको आज स्थलगत निरीक्षणपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले अर्थतन्त्रलाई बलियो बनाउन स्थानीय स्रोतसाधनको सदुपयोग गर्दै पर्यटन प्रवर्द्धन गर्नु सरकारको पहिलो प्राथमिकता रहेको उल्लेख गरे ।

उक्त खानेपानी आयोजना गुल्मी, अर्घाखाँची र प्यूठानको भविष्य निर्धारण गर्ने महत्वपूर्ण योजना रहेको बताउँदै मुख्यमन्त्री आचार्यले यसले स्थानीयस्तरमा रोजगारीका अवसर सृजना गर्ने विश्वास व्यक्त गरे । उनले तीनै तहका सरकारले यसलाई साझा आयोजनाका रूपमा अघि बढाउनुपर्ने आवश्यकता औँल्याए ।

उनका अनुसार प्रदेश सरकारले लुम्बिनीको सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदालाई जोडेर पर्यटन ‘सर्किट’ निर्माण गर्ने योजना अघि सार्दै आएको छ । प्रदेशभित्रका प्रमुख धार्मिक स्थल, पुरातात्विक क्षेत्र, पर्यटकीय गन्तव्य र जैविक विविधता सम्पन्न स्थानहरूलाई आपसमा जोडेर आकर्षक पर्यटन सर्किट निर्माण गर्ने तयारी भइरहेको मुख्यमन्त्री आचार्यले जानकारी दिए । उनले यसबाट आन्तरिक तथा बाह्य पर्यटकलाई लामो समयसम्म प्रदेशमा बस्न प्रेरित गर्ने र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सकिने धारणा राखे ।

‘लुम्बिनी प्रदेश ‘मिनी’ नेपालका रूपमा परिचित छ । यहाँ हिमाल, पहाड, तराईको विविधतायुक्त भुगोल छ । यहाँ रहेका पुरातात्विक सम्पदाहरूको संरक्षण गरेर बाह्य पर्यटकलाई भित्र्याउने मुख्य संकल्प प्रदेश सरकारको छ’, मुख्यमन्त्री आचार्यले भने । पर्यटन क्षेत्रलाई प्रदेशको आर्थिक समृद्धि, रोजगारीका अवसर, जीवनस्तर सुधार गर्ने मेरुदण्डका रूपमा विकास गर्दै लैजाने उनको भनाइ छ ।

‘पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण, सेवा प्रवाहमा सुधार र समग्र पर्यटकीय गतिविधि प्रवर्द्धनमा जोड दिएका छौँ’, मुख्यमन्त्रीले भने, ‘पर्यटनको क्षेत्रबाट स्थानीयस्तरमा प्रशस्त रोजगारीका अवसर सृजना गर्न सकिन्छ ।’ प्रदेश सरकारले दिगो पर्यटन प्रवर्द्धनमा योजनाबद्ध काम गर्दै आएको बताउँदै नीतिगत सुधार, लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखेको उनले उल्लेख गरे ।

मदाने गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिनिधिसभाका सांसद सूर्य थापा, पूर्वसहरी विकासमन्त्री रामकुमारी झाँक्री, कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थी, रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थी, धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखेल, इश्मा गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्कालगायत व्यक्तिको सहभागिता थियो । अन्तरक्रिया कार्यक्रमले कंके देउराली जलाशय र बृहत्तर खानेपानी आयोजनालाई साझेदारी रूपमा अघि बढाउँदै आपसी समन्वय र सहकार्य गर्ने निष्कर्ष निकालेको छ ।

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल तत्काल बनाउनुपर्नेमा जोड

**चन्द्रपुर (रौतहट) (प्रस)**– नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले बाराको निजगढमा अन्तरराष्ट्रिय विमानस्थल तत्काल बनाउनुपर्नेमा जोड दिएका छन् ।

रौतहटको गौरमा नेपाल-भारत पत्रकारको साझा मञ्च मिडिया फर बोर्डर हार्मोनी रौतहटद्वारा ‘नेपाल-भारत मैत्री संवाद’ कार्यक्रममा व्यावसायिक तथा पर्यटकीय दृष्टिकोणले पनि निजगढमा अन्तरराष्ट्रिय विमानस्थल अनिवार्य भएको उनले बताए ।



पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले निजगढ-काठमाडौंमा ‘फास्ट ट्र्याक’को निमार्णका साथसाथै निजगढ विमानस्थलको निर्माण अति जरुरी रहेको आवश्यकता औँल्याए । निजगढमा अन्तरराष्ट्रिय विमानस्थल बनाउनका पहल गरिरहेको भन्दै उनले नेपाल-भारतको सीमा समस्याबारे केन्द्रबाट समाधान गरिनुपर्ने धारणा राखे ।

स्थानीय स्तरमा दुवै देशका जनप्रतिनिधिहरूले आवश्यकताका आधारमा आ-आफ्नो तर्फबाट पहल गर्नुपर्ने भन्दै दीर्घकालीन समाधान गर्न केन्द्रीय स्तरबाट नीतिगत रूपमा समाधान गर्नुपर्नेमा अध्यक्ष नेपालले जोड दिए । सीमा समस्या समाधानका लागि जुनसुकै समयमा सहयोग गर्न तत्पर रहेको उनको भनाइ थियो । अध्यक्ष नेपालले दुवै देशका नागरिकहरूको हित हुनेगरी सरकारले काम गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा मधेस प्रदेशसभाका सांसद सदस्य नागेन्द्र साह, भारतका रिगा विधानसभा क्षेत्रका विधायक मोतिलाल साह, गौर नगरपालिकाका प्रमुख शम्भु साह, बौधीमाई नगरपालिकाका प्रमुख प्रदीपकुमार यादवलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

मिडिया फर बोर्डर हार्मोनी रौतहटका अध्यक्ष किशोरीराय यादवको अध्यक्षतामा भएको संवाद कार्यक्रममा हार्मोनी भारतका अध्यक्ष अमरेन्द्र तिवारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सीमा क्षेत्रका जिल्लाहरूमा बसोबास गर्ने नेपाल र भारतका जनताले भोग्दै आएका समस्यालाई समाधान गर्न १७ बुँदे साझा माग प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, बोर्डर हार्मोनी नेपाल र भारतका प्रतिनिधि, नेपाल र भारतका सञ्चारकर्मीसहित स्थानीयको सहभागिता थियो ।

# बागलुङमा साढे २६ करोडको सुन्तला बिक्री

■ प्रभाव संवाददाता

**ढोरपाटन (बागलुङ)** – यस वर्ष बागलुङमा रु २६ करोड ४६ लाख ५४ हजार सुन्तला उत्पादन भएको छ । उत्पादनमा केही गिरावट आए पनि किसानले मूल्य भने गत वर्षको तुलनामा बढी पाएका छन् । उत्पादनको हिसाबले गत वर्षको भन्दा २८ मेट्रिकटनले कमी आए पनि मूल्य भने रु एक करोड ८६ लाख ५४ हजार बढी परेको हो ।

कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीका अनुसार अघिल्लो वर्ष जिल्लाभर चार हजार १०० मेट्रिकटन सुन्तला उत्पादन भएकोमा यस वर्ष घटेर चार हजार ७१.६ मेट्रिकटनमा झरेको छ । तर अघिल्लो वर्ष न्यूनतम मूल्य रु ६० रहेकोमा यस वर्ष बढेर रु ६५ पुग्दा उत्पादन घट्दा पनि किसानले उचित मूल्य पाएको उनको भनाइ छ ।

अघिल्लो वर्ष रु २४ करोड ६० लाखको सुन्तला उत्पादन भएको थियो ।



पछिल्लो समय सुन्तला खेती विस्तार हुँदै गएको भन्दै यस वर्ष समयमा वर्षा नभएको र हिउँदे सिँचाइ पनि पर्याप्त नहुँदा उत्पादनमा कमी आएको सूचना अधिकारीले बताए । कृषि ज्ञान केन्द्रले सुन्तला उत्पादन किसानलाई प्राविधिक सहयोगसहित अनुदान दिने गरेको उनी बताउँछन् ।

उनले भने, ‘अघिल्लो वर्षको तुलनामा सुन्तला उत्पादनमा कमी आयो तर मूल्यका हिसाबले भने बढेको छ, किसानले तुलनात्मकरूपमा यस वर्ष घाटा व्यहोर्नु परेको छैन, थोरै भए पनि फाइदानै लिनुभएको छ, यस वर्ष रु ५ ले मूल्य बढेको हुँदा किसान समस्यामा पर्नु भएको छैन, अझै पनि किसानले सुन्तला बजार पठाइ राख्नुभएको छ ।’

कृषि ज्ञान केन्द्रका अनुसार ६५५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । त्यसमध्ये यस वर्ष ३७७ हेक्टरमा लगाएका बिरुवाले उत्पादन दिएका छन् । जिल्लामा बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी र गलकोट नगरपालिकामा सुन्तला उत्पादन हुने गरेको छ ।

काठेखोला किसान लोकनाथ कँडेलले यस वर्ष रु १३ लाख ५० हजारको सुन्तला उत्पादन गरेको बताए । गत वर्षको भन्दा उत्पादनमा कमी आए पनि आम्दानी भने बढी भएको बताए । पोहोर साल रु ११ लाखको सुन्ताल बिक्री गरेको उनले जानकारी दिए । आफ्नो बगैंचामा ३०० बोट सुन्तला रहेको जनाउँदै यस वर्ष २१० बोटल फल दिएको उनको भनाइ छ ।

जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

- जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
- बोटविरूवा लगाऔं, हरियाली प्रवर्द्धन गरौं,
- नविकरणीय उर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका बाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरूको संरक्षण गरौं,
- वनजंगलको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ